# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २९० | काठमाडौं | आइतबार, ७ फागुन २०७९ | Prabhab National Daily | Sunday, February 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

त्यसैले,
प्रजातान्त्रिक आचरण, संस्कार र व्यहवारको अवलम्बन गरौं ।
***"७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रूपमा मनाऔं ।"***

नेपाल सरकार
विज्ञापन बोर्ड

अन्तर्वार्ता

## 'त्रिभूवनले सिँढीमा उभिएर प्रजातन्त्रको घोषणा गरे'

**कमल कोइराला**

*राणाशासन फाल्ने सशस्त्र क्रान्तिको सर्वोच्च कमाण्डर मातृकाप्रसाद कोइरालाका छोरा हुन्- **कमल कोइराला** । उनी पिता मातृकासँगै बिपी कोइरालासहितका कांग्रेस नेताहरु दिल्ली सम्झौतापछि नेपाल आउँदा सँगै भारतदेखि नेपाल आएका थिए । उनी राजा त्रिभूवनले प्रजातन्त्र घोषणा गर्दाको एक जना साँक्षीसमेत हुन् । उनै कोइरालासँग त्यसबेलाको सन्दर्भ खोतल्नेगरी **प्रभाव दैनिक**का लागि **जेबी योञ्जन**ले गरेको कुराकानी:*

**प्रजातन्त्र घोषणा गर्न नेपाल आउदा यहाँको राजनीतिक परिदृश्य कस्तो थियो ?**

म २००७ साल फागुन ४ गते काठमाडौं आइपुगें । दिल्लीमा राजा त्रिभूवन र प्रधानमन्त्री मोहन शमशेरको सम्झौता भइसकेको थियो । मेरो पिता मातृकाप्रसाद कोइराला सशस्त्र क्रान्ति गरेको तत्कालीन नेपाली कांग्रेसको सभापति हुनुहुन्थ्यो । त्यसबेला भारतदेखि मन्त्री हुनेहरू पहिलो प्लेनदेखि आउनुभयो । त्यसमा विपी कोइरालासहित हुनुहुन्थ्यो । दोस्रो प्लेनमा म, बुबा र सम्पूर्ण परिवार, कृष्णप्रसाद भट्टराई, गोपालप्रसाद भट्टराई, रुद्रप्रसाद गिरीलगायतका कांग्रेस नेताहरू थियौं ।

**भारतको कुन ठाउदेखि आउनुभएको तपाईंहरु ?**

हामी त पटनादेखि आयौं । राजा त्रिभूवनचाहिँ त्यसै दिन दिल्लीबाट 'इन्डियन एयर फोर्स'बाट काठमाडौं आइपुग्नुभयो । बिपी कोइराला, सूर्यप्रसाद, सुवर्ण शमशेर, गोपालप्रसाद, रुद्रप्रसाद गिरीलगायत आउनुभयो । सभापति कोइरालाको परिवार हामी केटाकेटीसमेत गरी पाँच/छ जना थियौं । जुन दिन काठमाडौंमा राजा त्रिभूवन आइपुग्नुभयो, काठमाडौंको उल्लासमय थियो ।

**जस्तै कस्तो ?**

त्यसबेला अहिलेजस्तो बिजुली बत्ती कमै ठाउँमा थियो । पेट्रोम्याक्सहरू साँझ बालिएको थियो । त्यसबेला त्रिभूवन एयरपोर्ट भनिँदैनथियो । ठूलो गौचरण एयरपोर्ट भनिन्थ्यो । राजा त्रिभूवन त दरबार गइहाल्नुभयो । फेरि, बाटोघाटो अहिलेकोजस्तो थिएन । हामीलाई ठूलो गौचरणदेखि महावीर शमशेरको गाडीमा थिरबम मल्लको घरमा लगियो । थिरबम २००७ सालको क्रान्तिमा सहिद भएका थिए । उनको पिता गल्कोटे राजा थिए । उनै गल्कोटे राजाको दरबारमा हामीलाई लगियो । ठाउँठाउँमा हामीलाई रोक्दै 'प्रजातन्त्र अमर रहोस्, प्रजातन्त्र जिन्दावाद, इन्क्लाब जिन्दावाद र नेपाली कांग्रेस जिन्दावाद' भन्दै नारा लगाए । बिपी गल्कोटे राजाको दरबारमा पुगिसक्नुभएको थियो । दरबारको दोस्रो तलामा बिपीको परिवार र हाम्रो परिवार तेस्रो तलामा बस्यौं ।

भोलिपल्ट गणेशमान सिंह आउनुभयो, हामी बसेको दरबारमा । म त झ्यालमा बसिरहेको थिएँ । भुइँको चौरमा गणेशमानले मेरो पितालाई भन्नुभएको सुनें, 'गू नै खाने भए तात्तातै खाएको भए हुन्थ्यो नि । किन यस्तो अबेर गरेर खा'को ?'

अहिले यसो बुझ्दा उहाँ (गणेशमान)लाई राणासँग सम्झौता गरेको मन परेको थिएन रहेछ । गणेशमानलाई जवाफमा पिताजीले के-के भन्नुभयो भन्ने थाहा भएन । उहाँहरू घुम्दै कुरा गर्दै हुनुहुन्थ्यो ।

र, ७ गतेचाहिँ नारायणहिटी राजदरबारमा म, मेरी आमा, दाजुभाइ, बहिनी सबै पुग्यौं । नारायणहिटीको सिँडी भत्काइयो । आजकाल त्यो छैन । जहाँदेखि त्रिभूवनले माइकबाट प्रजातन्त्रको घोषणा गर्नुभयो । त्यो सिँडीमा म पनि उभिएँ । त्यसबेला रेडियो थिएन ।

(**बाँकी पृष्ठ ५ मा**)

# परिवर्तनको जननी 'प्रजातन्त्र'

सहिदहरूको बलिदानीपूर्ण संघर्षको जगमा स्थापित प्रजातन्त्रलाई नै हालसम्म प्राप्त राजनीतिक उपलब्धिहरूको स्रोत पनि मान्ने गरिन्छ

- २६ कात्तिक २००७ मा सशस्त्र क्रान्ति सुरु
- क्रान्तिको नेतृत्व मातृकाप्रसाद कोइराला
- ७ फागुन २००७ मा राणाशासन ढल्यो, प्रजातन्त्र घोषणा
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र सभामुखद्वारा शुभकामना

■ **जेबी योञ्जन**



**काठमाडौं–** नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्तिले १०४ वर्षे निरंकुश राणाशासन ढाल्दै देशमा प्रजातन्त्र स्थापना गरेको आज ७२ वर्ष पूरा भएको छ । हरेक वर्ष सरकारले आजको दिनलाई राष्ट्रिय प्रजातन्त्र दिवसका रूपमा मनाउँदै आएको छ । सहिदहरूको बलिदानीपूर्ण संघर्षको जगमा स्थापित प्रजातन्त्रलाई नै हालसम्म प्राप्त राजनीतिक उपलब्धिहरूको स्रोत पनि मान्ने गरिन्छ ।

प्रगतिशील विचारधारा बोकेका राजनीतिशास्त्रीहरू त आधुनिक राजनीतिक इतिहासको प्रारम्भ बिन्दुसमेत प्रजातन्त्र स्थापना भएको दिनलाई नै मान्छन् । राणाशासन फाल्न र प्रजातन्त्र स्थापना गर्न भने तत्कालीन भूमिगत कांग्रेसको नेतृत्वमा परिवर्तनकारीहरू सशस्त्र क्रान्तिमा सहभागी भएका थिए । त्यसबेला कांग्रेसले सशस्त्र फौजको रूपमा मुक्ति सेनासमेत गठन गरेको थियो ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बरालका अनुसार सशस्त्र क्रान्तिको नेतृत्व मातृकाप्रसाद कोइरालाले गरेका थिए । उनको नेतृत्वमा भएको करिब तीन महिने सशस्त्र क्रान्तिले नै राणाशासनको जग हल्लाइदिएको हो । अन्ततः दिल्ली सम्झौता भयो । भारतको प्रत्यक्ष हस्तक्षेपमा भएको भनिएको उक्त सम्झौता राजा त्रिभूवन र राणा प्रधानमन्त्री मोहन शमशेरबीचको थियो । तर, सम्झौतामा कांग्रेसको मागअनुसार 'जनताको पूर्ण सहभागितामा संविधानसभाको निर्वाचन गर्ने र प्रजातन्त्र स्थापना गर्ने' मूल मुद्दामा कांग्रेस राजा, राणाप्रधानमन्त्री सहमत भएका थिए ।

सोही आधारमा आजकै दिन अर्थात् ७ फागुन २००७ मा देशमा राजा त्रिभूवनले प्रजातन्त्र घोषणा गरेका थिए । सशस्त्र क्रान्तिका नेतृत्व गरेका मातृकाका छोरा कमल राजा त्रिभूवनले गरेको प्रजातन्त्र घोषणाको मस्यौदा भारतमा तयार भएको बताउँछन् । उनका अनुसार मस्यौदालाई प्रधानमन्त्री मोहन शमशेरले काठमाडौंमा भावानुवाद गरेका हुन् ।

जे भए पनि निरंकुश राणाशासनको अन्त्य र देशमा प्रजातन्त्रको बिहानी आएको दिनको सम्झनामा हरेक वर्ष भव्यरूपमा सरकारी तहबाटै तीन दिनसम्म प्रजातन्त्र मनाउने गरिन्छ । दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले जनता नै राज्यशक्तिको सम्पूर्ण स्रोत हुन् भन्ने मान्यतामा आधारित रही लोकतान्त्रिक आचरणलाई जीवन पद्धति बनाउन सकेको खण्डमा प्रजातन्त्र दिवसको सार्थकता पुष्टि हुने बताएकी छन् । वर्तमान शासन व्यवस्थाले दशकौंदेखि व्यक्त हुँदै आएको सहिदको सपना एवं जनताको आकांक्षालाई मूर्तरूप दिन (**बाँकी पृष्ठ ३ मा**)

## सांसद चौधरीको कैद मिनाहा

**काठमाडौं (प्रस)–** राष्ट्रपति विद्यादेवी भण्डारीले प्रजातन्त्र दिवसको अवसरमा नागरिक उन्मुक्ति पार्टीका निलम्बित प्रतिनिधिसभा सदस्य अरुणकुमार चौधरीको कैद मिनाहा गरेकी छन् । कैद मिनाहा भएसँगै चौधरी कारागार मुक्त हुने छन् । उनको निलम्बनमा परेको सांसद पद पनि फुकुवा हुने भएको छ । उनी यसअघि संसद्मा नागरिक उन्मुक्ति पार्टीका सचेतक थिए ।

ट्र्याक्टरमा आगजनी गरेको पुरानो मुद्दामा दोषी ठहरिएका उनलाई घटनाको १३ वर्षपछि गत २० माघमा पक्राउ गरेर प्रहरीले जिल्ला अदालत कैलालीमा पेस गरेको थियो । अब, उनी जेलमा नभई संसद्मा हुने भएको छन् । उनीसँगै राष्ट्रपति भण्डारीले ओखलढुंगाका उज्जनकुमार श्रेष्ठको हत्यामा दोषी ठहर भएका माओवादी कार्यकर्ता पुष्कर गौतमसहितको पनि सजाय माफी गरिदिएकी छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति भण्डारीले विष्णुकुमार लिम्बूसहित ३८१ (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

ओमानस्थित नेपाली दूतावासको आग्रह

# 'राम्रोसँग नबुझी ओमानमा नआउनू'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मध्यपूर्वमा अवस्थित खाडी राष्ट्र ओमान नेपालीहरूको रोजगार गन्तव्य मुलुकमध्येको एक हो । उक्त मुलुकमा सरकारले 'फ्रि भिसा, फ्रि टिकट'मा कामदार पठाउन म्यानपावर कम्पनीहरूलाई अनुमति दिएको छ । यद्यपि 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था पूर्णपालना नभएको गुनासो श्रमिकहरूको रहेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा श्रम स्वीकृति लिएर तीन हजार ६२६ जना ओमानमा पुगेका छन् । जसमा पुरुष तीन हजार चार र महिला ६२२ जना रहेका छन् । उक्त आवमा पुनः श्रम स्वीकृति लिनेसहितको संख्या भने छ हजार ८४९ रहेका विभागले जनाएको छ ।

ओमानमा घरेलु कामदारबाहेक निर्माण क्षेत्र, होटललगायत विभिन्न क्षेत्रमा रोजगारीका लागि जान नेपाली श्रमिकलाई अनुमति दिइएको छ । घरेलु कामदारको रूपमा जान भने नेपाल सरकारले प्रतिबन्ध लगाएको छ । त्यहाँ पुगेर व्यवसाय सञ्चालन गर्ने नेपालीहरू समेत रहेका छन्. । ओमानको मस्कटस्थित नेपाली दूतावासका अनुसार त्यहाँ २० हजारभन्दा बढी संख्यामा नेपाली कामदार कार्यरत छन् । गत वर्ष सेप्टेम्बरसम्म २० हजार ४०० नेपाली त्यहाँ रहेको दूतावासले उल्लेख गरेको छ ।

दूतावासले ओमान आउनुपूर्व नेपाली कामदारले जान्नैपर्ने कुराहरूबारे जानकारी दिएको छ । दूतावासको वेबसाइटमार्फत सूचना जारी गरी उल्लेख गरेअनुसार त्यहाँ रोजगारीका लागि जान कफला पद्धतिमा भिसा प्राप्त हुन्छ । 'कफला पद्धति भनेको स्पोन्सरको अनुमतिले मात्र देशभित्र प्रवेश गर्न वा स्वदेश फर्कन वा काम गर्न वा व्यावसाय गर्न वा अन्य कुनै क्रियाकलाप गर्न अनुमति प्राप्त हुने पद्धति हो,' मस्कटस्थित नेपाली दूतावासले उल्लेख गरेको छ, उल्लेख गरेको छ, 'कफला पद्धति सिद्धान्ततः कामदारको संरक्षण र सुरक्षा गर्ने पद्धति भएता पनि यस पद्धतिको कार्यान्वयनमा भने थुप्रै प्रकारका समस्या देखिने गरेका छन् ।'



> दूतावासले वैदेशिक रोजगारी विभागबाट श्रम स्वीकृति लिएर मात्र ओमानमा आउन आग्रह गरेको छ । कुन कामका लागि ओमानमा आउन लागेको हो, सो कामका लागि तोकिएको पारिश्रमिक कति छ जानकारी लिएर मात्र आफू आउने/नआउने निश्चित गर्न भनेको छ ।

मुख्यतः कफला पद्धतिको उद्देश्य राम्रो भएता पनि यो पद्धतिको दुरूपयोग हुनेगरेका कारण कतिपय अवस्थामा कामदारले श्रम शोषण तथा अन्य कठिनाइहरू झेल्नुपर्ने अवस्था आउने, कामदारलाई भगौडा जनाउने र विभिन्न मुद्दा लगाएर आफ्नो देश फर्कन पनि नमिल्नेगरी यात्रा बन्देज लगाउन सक्ने जस्ता समस्या रहेको दूतावासको भनाइए छ । 'यस प्रकारका घटनाहरूमा महिनौंसम्म अदालतमा मुद्दा चल्ने र अदालतबाट निरूपण भई वा कफिल (मालिक)सँग समझदारी बनाएर तिर्ने बुझाउने रकम नबुझाएसम्म जुनसुकै बेला पक्राउ पर्ने र जेल जानुपर्ने हुनसक्दछ,' दूतावासले उल्लेख गरेको छ । कफिलको अनुमतिविना तोकिएको भन्दा फरक काम गर्न, तोकिएको भन्दा फरक कम्पनीमा काम गर्न, अकामा (अस्थायी आवासीय अनुमतिपत्र) जारी वा नवीकरण गर्न वा कफला ट्रान्सफर गर्न (अर्को कम्पनीमा जान वा कफिल परिवर्तन गर्न) सकिँदैन ।

दूतावासले वैदेशिक रोजगारी विभागबाट श्रम स्वीकृति लिएर मात्र ओमानमा आउन आग्रह गरेको छ । 'कुन कामका लागि ओमानमा आउन लागेको हो, निश्चित गरेर मात्र आउनु पर्दछ । सो कामका लागि तोकिएको पारिश्रमिक कति छ जानकारी लिएर मात्र आफू आउने/नआउने निश्चित गर्नु पर्दछ,' दूतावासले सचेत गराउँदै भनेको छ, 'विश्वासिलो र भरपर्दो म्यानपावर कम्पनीबाट वर्किङ भिसामा मात्र ओमान आउने, म्यानपावर कम्पनी कस्तो प्रकारको हो विभिन्न स्रोतबाट यकिन गरेर मात्र अघि बढ्नुपर्दछ ।' बिचौलियाको फन्दामा नपर्न पनि दूतावासले आग्रह गरेको छ ।

दूतावासले कुन रोजगारीका लागि जाने हो यकिन गर्ने र घरेलु कामदारबाहेकको काम हो होइन प्रस्ट हुन भनेको छ । 'ओमानमा आउनेगरी योजना बनाउँदै गर्नुभएको महिला दिदीबहिनीहरू हुनुहुन्छ भने थप विचार गरेर मात्र अघि बढ्नुपर्ने देखिन्छ । नेपाल सरकारबाट २० चैत २०७३ बाट घरेलु कामदारमा ओमानलगायत खाडी तथा मलेसियामा पठाउन बन्देज गरिएको छ,' दूतावासले भनेको छ ।

साथै, ओमानको श्रम कानुनबारे जानकारी लिन, अधिकतम कार्य घण्टा, न्यूनतम ज्याला, अतिरिक्त समय, बिदासम्बन्धी सुविधा, रोजगारी करार, बिमाको व्यवस्थालगायत विषयमा राम्रोसँग जानकारी लिनसमेत आग्रह गरिएको छ ।

'ओमानमा गैरकानुनी हुने पदार्थहरूः मदिराजन्य पदार्थ, नसालु पदार्थ, गुटखा, मर्चा तथा चिकित्सकको प्रेस्क्रिप्सनभन्दा बाहिरका औषधि आदि नल्याउनुहोस्,' दूतावासको सूचनामा उल्लेख छ, 'स्वदेशकै विमानस्थलबाट आउनुहोस् । स्वीकृतिवेगर विदेशी मार्ग वा विमानस्थल प्रयोग गरेर आउँदै हुनुहुन्छ भने तपाई दुःखको भुमरीमा पर्दै हुनुहुन्छ भन्ने स्पष्ट हुनुहोस् ।'








# टुँडिखेलमा सेना दिवसको रौनक


**काठमाडौं (प्रस)–** नेपाली सेनाले २६०औं सेना दिवस विशेष समारोहबीच मनाएको छ । महाशिवरात्रि तथा २६०औं सेना दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा शनिबार आयोजित समारोहको राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल, कामु प्रधानन्यायाधीश हरि कृष्ण कार्की र सभामुख देवराज घिमिरेलगायतले अवलोकन गरे । राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपतिसमेत हुन् ।

सो अवसरमा राष्ट्रपति भण्डारीले सैनिक स्मारकमा पुष्पहार अर्पण गरी श्रद्धाञ्जली व्यक्त गरिन् । नेपाली सेनाले महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । शास्त्रीय मान्यताअनुसार शिवलाई शान्ति र सुरक्षाको प्रतीकका रूपमा लिने गरिन्छ ।

सोही अवसरमा सेनाको हेलिकप्टरले पुष्पवृष्टि गर्नाका साथै राष्ट्रिय झण्डा र 'सेना दिवस-२०७९' लेखिएको ब्यानर प्रदर्शन गरेका थिए । साथै, सेनाले राइफल र तोपबाट महाशिवरात्रि बढाइँ र कवाज प्रस्तुत गरेको थियो । समारोहमा सेनाले विभिन्न रणकौशल तथा परम्परागत वेशभूषा झल्कने विविध कला, नृत्य र संगीतको धुन प्रस्तुति, मार्चपास, पिटी, तेक्वान्दो प्रस्तुत गरिएको थियो ।

*तस्बिरहरू: रासस*

















**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन ७ गते, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन ७ गते, २०७९, १९ फेब्रुअरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



# हर्षोल्लासपूर्वक मनाइयो शिवरात्री

**काठमाडौं (प्रस)–** महाशिवरात्री पर्व देशभर हर्षोल्लासका साथ मनाइएको छ । शनिबार बिहानैदेखि देशभरका शिव मन्दिरहरूमा भक्तजनको भीड लागेको थियो ।

हिन्दू धर्मावलम्बीहरूको मुख्य धार्मिकस्थल पशुपतिनाथमा यस पटक करिब २० लाख भक्तजनले दर्शन गरेको पशुपति विकास कोषले जानकारी दिएको छ । यहाँ हरेक वर्ष शिवरात्रीमा ठूलो मेला लाग्ने गर्दछ । बिहानैदेखि शिवलंगको पूजा गर्न भक्तजनहरू लाइन लागेका थिए । कोषका प्रवक्ता रेवतीरमण अधिकारीका अनुसार शनिबार बिहान ३ बजेदेखि साँझ ७ बजेसम्म पशुपतिनाथ मन्दिर प्रवेश गर्ने चारवटै ढोका खुला गरिएको थियो ।

यसै अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गरेकी थिइन् । पूजा आराधनापछि पशुपतिनाथ मन्दिरका मूल भट्ट गणेश भट्टबाट राष्ट्रपति भण्डारीले प्रसाद ग्रहण गरेकी थिइन् । राष्ट्रपति भण्डारीलाई पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, कोषका सदस्यसचिव डा. मिलनकुमार थापा, कोषाध्यक्ष नारायणप्रसाद सुवेदीलगायतले स्वागत गरेका थिए ।

महाशिवरात्रीको अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गर्ने परम्परा रहिआएको छ । महाशिवरात्रीको अवसरमा गोबर्द्धन मठका शंकराचार्य निश्चलानन्द सरस्वतीसहित पाँच हजार साधुसन्त पशुपति क्षेत्रमा आएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा महाशिवरात्रीको अवसरमा पाँच हजार सुरक्षाकर्मी र चार हजार स्वयंसेवक खटाइएको थियो । पशुपतिनाथ मन्दिर आसपासको सुरक्षा व्यवस्था कडा पारिएको थियो ।

*तस्बिरहरू: प्रभाव/रासस*
















## परिवर्तनको जननी...

पृष्ठ १ बाट जारी

सक्नुपर्ने पनि राष्ट्रपतिद्वारा जारी शुभकामना सन्देशमा उल्लेख छ ।

'हामीले हासिल गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको जग २००७ सालको जनक्रान्तिबाट नै निर्माण भएको हो, तसर्थ सहिदको सपना एवं जनताको आकांक्षालाई मूर्तरूप दिन सक्नुपर्दछ,' राष्ट्रपति भण्डारीले भनेकी छन्, 'त्यसका लागि हामीले सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा आर्थिक समृद्धिलाई राष्ट्रको मूल लक्ष्य बनाउनुपर्दछ ।'

वि.सं. १९९७ मा प्रजा परिषद्को अगुवाइमा भएको आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सहिदहरू गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र दशरथ चन्दसहित प्रजातन्त्र प्राप्ति खातिर आहूति दिएका सहिदहरूको पनि राष्ट्रपतिले सम्झना गरेकी छन् ।

उपराष्ट्रपति नन्दबहादुर पुनले प्रजातन्त्र प्राप्ति र त्यसपछि भएका क्रान्ति तथा आन्दोलनका उपलब्धिको संरक्षण तथा रक्षाका लागि सबै पक्षलाई अपिल गरेका छन् । प्रजातन्त्र दिवसको अवसरमा शुभकामना दिँदै उनले प्रजातन्त्र प्राप्तिका लागि भएको आन्दोलनमा आफ्नो जीवनको आहूति दिने वीर सहिदलाई स्मरण गर्दै उनीहरूप्रति श्रद्धासुमन पनि अर्पण गरेका छन् ।

यसै अवसरमा शुभकामना दिँदै प्रधानमन्त्री पुष्पकमल दाहालले संविधानको प्रगतिशील कार्यान्वयनमार्फत समाजवादोन्मुख राज्यको आधारशीला खडा गर्नु राष्ट्रिय कार्यभार भएको बताएका छन् । ऐतिहासिक क्रान्ति, आन्दोलन र जनसंघर्षको बलमा प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि निरन्तर लाग्नुपर्नेमा उनको जोड छ । उनले नेपाली जनताको त्याग, तपस्या र बलिदानको जगमा स्थापित प्रजातन्त्रले आफूलाई परिस्कृत र परिमार्जन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको गौरवपूर्ण परिस्थितिसम्म आइपुगेको बताए ।

प्रधानमन्त्री दाहालले सन्देशमा भनेका छन्, 'आजका समस्त उपलब्धिका निम्ति २००७ सालको आन्दोलन, २०४६ सालको आन्दोलन, महान् जनयुद्ध, २०६२/६३ को ऐतिहासिक जनआन्दोलनलगायत उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदायका न्यायपूर्ण आन्दोलनहरूको निर्णायक भूमिका रहिआएको छ ।'

सभामुख देवराज घिमिरेले पनि शुभकामना सन्देशमार्फत मुलुकको सामु द्रुत विकास गर्दै अगाडि बढ्नुपर्ने चुनौती रहेको बताएका छन् । उनले लोकतन्त्र प्राप्तिका लागि लामो चरण सकिएको सन्दर्भ उल्लेख गर्दै देशको विकास अगाडि बढाउने चुनौती आत्मसात् गरेर अघि बढ्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आजको दिनलाई कांग्रेसको नेतृत्वमा नेपालको आधुनिक इतिहास प्रारम्भ भएको गौरवमय दिनको रूपमा स्मरण गरेका छन् । २००७ को कात्तिक २६ देखि प्रारम्भ भएको सशस्त्र क्रान्तिले १०४ वर्षको एकतन्त्रीय निरंकुश राणा शासनलाई समाप्त पारेर देशमा प्रजातन्त्रको स्थापना गरेको देउवाले शुभकामना सन्देशमा भनेका छन् । सोही सशस्त्र क्रान्तिले देशमा राजनैतिक परिवर्तन मात्र होइन, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक हरेक क्षेत्रमा अग्रगामी परिवर्तनको मार्गप्रशस्त गरेको उनको भनाइ छ ।

प्रजातन्त्र स्थापना भएको सात दशक पूरा हुँदासम्म देशमा भने राजनीतिक स्थायित्व कायम हुन सकेको छैन । पटकपटक राजनीतिक व्यवस्था त परिवर्तन भए तर जनताको जीवनमा तात्त्विक परिवर्तन आएको छैन । परिवर्तनको पक्षमा जहिल्यै उभिने जनताले रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, सुशासन कायमदेखि जवाफदेही सरकार खोजेका छन् ।

प्रधानमन्त्रीत्वकाल दुई महिना पूरा गर्न लागेका दाहालका लागि यिनै जनअपेक्षा पूरा गर्नु चुनौतीपूर्ण छ । प्रजातन्त्र दिवस सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै आयोग, विभाग, प्रतिष्ठान, जिल्ला समन्वय समिति र स्थानीय तहसहित विदेशस्थित दूतावास, वाणिज्य दूतावास र कूटनीतिक नियोगले समेत मनाउँदै छन् । राष्ट्रिय झण्डा फहराउँदै साँझ भने दीपावली गरेर मनाइँदै छ । शनिबारदेखि मनाउन थालेको दिवस भोलि (सोमबार)सम्म मनाइने छ ।

ऐतिहासिक महत्त्वको राजनीतिक उपलब्धि मानिने प्रजातन्त्रलाई १० वर्ष पूरा नहुँदै राजा महेन्द्रले मासिदिएका थिए । १ पुस २०१७ मा प्रजातन्त्र मास्दै उनले देशमा पञ्चायती शासन प्रणाली लागू गरे । कांग्रेसका तत्कालीन सभापति वीपी कोइराला नेतृत्वको पहिलो जननिर्वाचित र प्रजातान्त्रिक सरकारलाई अपदस्त गरेका थिए ।

करिब ३० वर्ष टिकेको यो व्यवस्थालाई हटाउँदै कांग्रेस र कम्युनिस्ट शक्तिहरू मिलेर २०४६ सालमा आन्दोलनमार्फत फेरि पुनःस्थापना भयो । यो विश्वमा लोकप्रिय राजनीतिक प्रणाली पनि हो ।

## बसपार्कमा लुटपाट गर्ने ४० जनामाथि अनुसन्धान सुरु

**काठमाडौं–** यही फागुन १ गते नयाँ बसपार्कस्थित ल्होत्से मलमा तोडफोड गरी लुटपाट गर्ने तथा प्रहरीको सवारीसाधन आगजानीमा संलग्न ४० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

यातायात मजदुरका नाममा प्रहरीका दुईवटा भ्यानमा आगो लगाउने, ल्होत्से मल तोडफोड गर्ने तथा मोबाइल लुटपाटमा संलग्न भएको आरोपमा उनीहरूलाई प्रहरीले शुक्रबार साँझ पक्राउ गरेको थियो । आन्दोलनकारीले ल्होत्से मलमा अर्जुन चालिसेले सञ्चालन गरेको एसिडिसी मोबाइल प्रालि, डायमन्ड मोबाइल प्रालि र गजेन्द्र न्यौपानेले सञ्चालन गरेको काठमाडौं सुपर मार्केट प्रालिमा तोडफोड गरी मोबाइल, चार्जर, रिचार्ज, एयरफोनलगायत सामग्री लुटपाट गरेका थिए ।

उनीहरूले प्रहरी वृत्त बालाजुको बा२भ १४४ नंबरको स्कार्पियो र बा१झ ७२२४ नंबरको गाडीसमेत जलाउनुका साथै बालाजु र माछापोखरी चोकको ट्राफिक आयल्यान्डमा क्षति पुऱ्याएको प्रहरीको आरोप छ । आन्दोलनका क्रममा बालाजु चोकको अस्थायी प्रहरी पोस्टमासमेत आगो लगाइएको थियो । *रासस*


### मोटरसाइकल हराएको सूचना

मिति २०७९/०९/०८ गते निम्न विवरणको Pulsar 150 cc Model को कालो, निलो रङको पल्सर मोटरसाइकल तारकेश्वर नपा वडा नं. ५ अर्यालटारमा बाटोमा पार्किङ गरेको बेला हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम :हुलास अटाक्राफ्ट प्रा.लि
बाइक नं. : बा.प्र -०२-०१८ प ७४९९
च्यासिस नं.:MD2A11CY1LPM44888
इन्जिन नं. : DHYRLM 90817
मो. : 9851037870

### नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०९/१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**कर्णाली कलेज अफ हेल्थ साईन्सेस प्रा.लि** ) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"काठमाण्डौ मल्टिपल कलेज प्रा.लि. (प्रा.लि.नं.४८१७८)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MATRIX MEGATECH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०५ | पुन: विज्ञापन स्वीकृति मिति २०७९/११/०६ | LT. No. 281196 | चलानी नं. ६०१९६८००

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १४ गते (26th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### 'अवस्था' परिवर्तनको पर्खाइ

आज राष्ट्रिय प्रजातन्त्र दिवस । नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्तिले १०४ वर्षे निरंकुश राणाशासन ढाल्दै देशमा प्रजातन्त्र स्थापना गरेको आज ७२ वर्ष पूरा भएको छ । हरेक वर्ष सरकारले आजको दिनलाई राष्ट्रिय प्रजातन्त्र दिवसका रूपमा मनाउँदै आएको छ । सहिदहरूको बलिदानीपूर्ण संघर्षको जगमा स्थापित प्रजातन्त्रलाई नै हालसम्म प्राप्त राजनीतिक उपलब्धिहरूको स्रोत पनि मान्ने गरिन्छ ।

प्रगतिशील विचारधारा बोकेका राजनीतिशास्त्रीहरू त आधुनिक राजनीतिक इतिहासको प्रारम्भ बिन्दुसमेत प्रजातन्त्र स्थापना भएको दिनलाई नै मान्छन् । राणाशासन फाल्न र प्रजातन्त्र स्थापना गर्न भने तत्कालीन भूमिगत कांग्रेसको नेतृत्वमा परिवर्तनकारीहरू सशस्त्र क्रान्तिमा सहभागी भएका थिए। त्यसबेला कांग्रेसले सशस्त्र फौजको रूपमा मुक्ति सेनासमेत गठन गरेको थियो। मातृकाप्रसाद कोइरालाको नेतृत्वमा भएको करिब तीन महिने सशस्त्र क्रान्तिले नै राणाशासनको जग हल्लाइदिएको हो । अन्ततः दिल्ली सम्झौता भयो । भारतको प्रत्यक्ष हस्तक्षेपमा भएको भनिएको उक्त सम्झौता राजा त्रिभूवन र राणा प्रधानमन्त्री मोहन शमशेरबीचको थियो। तर, सम्झौतामा कांग्रेसको मागअनुसार 'जनताको पूर्ण सहभागितामा संविधानसभाको निर्वाचन गर्ने र प्रजातन्त्र स्थापना गर्ने' मूल मुद्दामा कांग्रेस राजा, राणाप्रधानमन्त्री सहमत भएका थिए ।

सोही आधारमा आजकै दिन अर्थात् ७ फागुन २००७ मा देशमा राजा त्रिभूवनले प्रजातन्त्र घोषणा गरेका थिए ।निरंकुश राणाशासनको अन्त्य र देशमा प्रजातन्त्रको बिहानी आएको दिनको सम्झनामा हरेक वर्ष भव्यरूपमा सरकारी तहबाटै तीन दिनसम्म प्रजातन्त्र मनाउने गरिन्छ ।

प्रजातन्त्र स्थापना भएको सात दशक पूरा हुँदासम्म मुलुकमा ठूला राजनीतिक परिवर्तनहरू आए। पञ्चायती व्यवस्थाको अन्त्य, प्रजातन्त्रको पुनर्वहाली हुँदै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ। यहाँसम्म आउन माओवादीको १० वर्षे सशस्त्र युद्ध, २०६२/६३ को जनआन्दोलन, मधेस आन्दोलन, थारु, आदिवासी जनजातिलगायत विभिन्न आन्दोलन हुँदै गणतन्त्रमा आइपुगेको हो। यसको मूल जग भने २००७ सालको प्रजातन्त्र नै हो।

प्रजातन्त्र स्थापना भएको सात दशकसम्म पनि मुलुकमा राजनीतिक स्थायित्व भने कायम हुन सकेको छैन । पटकपटक राजनीतिक व्यवस्था त परिवर्तन भए तर जनताको जीवनमा तात्त्विक परिवर्तन आएको छैन । परिवर्तनको पक्षमा जहिल्यै उभिने जनताले रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, सुशासन कायमदेखि जवाफदेही सरकार खोजेका छन् । राजनीतिक दलहरूले हरेक चुनावमा विकास र समृद्धिको नारा लिएर जनताको मत लिने गरेका छन् । तर, चुनावपछि सत्ताको खेलमै दलहरू लाग्ने हुँदा आर्थिक समृद्धिको पाटो ओझेलमा पर्दै आएको छ । मुलुकमा रोजगारीको अवसर नहुँदा लाखौं युवाहरू विदेशिन बाध्य भएका छन्। अझै पनि दैनिक हजारौंको संख्यामा युवाहरू विदेशिने क्रम जारी छ ।

मुलुकमा भएका हरेक राजनीतिक परिवर्तनमा जनको अपार साथ रहँदै आएको छ। तर, जनताले परिवर्तनको अनुभूति गर्न नपाउनु दुःखद् पक्ष हो। अब दलहरू मुलुकको समृद्धिका लागि, जनतालाई परिवर्तनको अनुभूति दिनका लागि एक जुट हुनुको विकल्प छैन । पटकपटक व्यवस्था परिवर्तन भएकोले अब अवस्था परिवर्तनमा सबैको ध्यान केन्द्रित हुन जरुरी छ । यही पर्खाइमा आमनेपाली जनता रहेका छन्। प्रजातन्त्र दिवसको सबैमा शुभकामना।

# नेपालको प्रजातान्त्रिक आन्दोलन र मजदुर संघर्ष



▶▶ शंकर खरेल

नेपालको मजदुर आन्दोलनको महत्व त्यसै फरक र बेग्लै भएको होइन । यो एक सामान्य आन्दोलन मात्र थिएन । देशलाई यो आन्दोलनले अधिकार दियो तर अधिकार पाएपछि त्यो इतिहासको जगेर्ना गर्न सकिएन । मजदुर आन्दोलनको इतिहाससित निकट भएका प्रायः सबैको मृत्यु भइसकेको छ तर इतिहास रक्षा, संरक्षण गर्नेतर्फ कसैको ध्यान गएन । सात सालको प्रजातन्त्रको जग खडा गर्ने त्यो आन्दोलनलाई आमरूपमा बिर्सने काम भएको छ ।

राणाशासनको बेलामा सिन्धुली दुम्जाका कालिदास कोइराला काठमाडौंमा सुब्बा थिए । एक घटनामा सत्यको पक्ष लिंदै गरेको फैसलाको प्रत्यक्ष असर राणाशासकलाई नै पऱ्यो । कालिदासले जे फैसला गरेका थिए, त्यसको असर श्री ३ महाराजधिराज निकट एक व्यक्तिलाई परेछ । कालिदासविरुद्ध झोसपोल लगाइयो र उनलाई दरबार झिकाइयो । कालिदासले कानुनअनुसार फैसला गरेको बताए ।

तत्कालीन श्री ३ महाराजले कानुन देखाउँदै भनेछन्, 'मुर्ख ब्राह्मण, तिमीले जुन कानुन टेकेर फैसला गऱ्यौं त्यसमा त पहिल्यै हरिताल लागेको छ ।' दिउँसै रात पार्न खोजेपछि कालिदासले केही बोल्न सकेनन् । उनलाई भनियो, 'तिमी ब्राह्मण भएर मात्र हाम्रा अगाडि उभिन पाएका छौं, यही फैसला अरूले गरेको भए फाँसीको सजाय हुने थियो ।'

फगत राणाशासकले कालिदासलाई कालापानी भनिएको मोरङ रंगेली सरुवा गऱ्यो । त्यो बेला रंगेली र हरैंचा आर्थिक केन्द्र थिए । कालिदास कोइरालालाई रंगेली नजान परिवारभित्रबाट दबाब थियो तर उनी भने यहाँ आउन चाहन्थे । कालापानी अर्थात् कालज्वरको भय भएकाले पनि परिवारबाट स्वीकृत थिएन । तर, कालिदास कुनै पनि हालतमा संघर्षको मैदानबाट भाग्न चाहेनन् ।

अन्ततः कालिदास रंगेली पुगे । रंगेली त्यो बेला आर्थिकरूपले गुलजार थियो । सीमान्त नाकामा भएकाले आर्थिक कारोबार धेरै हुन्थ्यो । विराटनगरको जग बसिसकेको थिएन । कालिदास रंगेली आफूमात्र गएनन् साथमा लगे भाइ कृष्णप्रसाद कोइरालालाई । कालिदास रंगेली पुगेर काम गर्न थाले र कृष्णप्रसाद कोइराला भने यहाँ बसेर के गर्न सकिन्छ भन्नेतर्फ लागे । यो १९औं शताब्दीको ५० र ६० को दशकको कुरा हो ।

त्यो बेलामा दुई सम्भावना थिए । एक-सनपाटको व्यापार अर्को भन्सार ठेक्का । भारतको राजस्थानबाट छिटपुटरूपमा मारवाडी व्यापारी यहाँ आएर सनपाटको व्यापार गर्थे । कालज्वरका कारण मानव बस्ती पातलो थियो । दिनभर आयो काम गऱ्यो अनि फारविसगञ्ज जाने दैनिकी थियो । थारू, राजवंशीलगायत आदिवासीको मात्र बसोबास थियो ऊ बेला । घनाहा जंगलले ढाकिएको थियो विराटनगर नै पनि । मोरङलाई जंगलको खानी भनिन्थ्यो ।

खास गरेर भारत र बंगलादेशतर्फ कच्चा जुटको व्यापार धेरै नै मौलाएको थियो । १९औं शताब्दीको ९० को दशकमा विराटनगर जुट मिल्स स्थापना भइसकेको थियो र यो जुट मिल्सले त्यो बेला किसान मात्र होइन, मजदुरलाई पनि काम दिएको थियो ।

सनपाट (जुट)को सामान्य व्यापार गर्दै कृष्णप्रसाद कोइरालाले भन्सारको ठेक्का लिइसकेका थिए । आधुनिक समाजको जग सुरु भएको त्यो बेलामा रेडियो, सिगरेट, घडीलगायतका वस्तुप्रति आम सर्वसाधारणको चासो थियो । रेडियो खरिद गर्दा लाइसेन्स लिनु पर्दथ्यो । साइकल चलाउँदा गाउँ पञ्चायत, जिल्ला पञ्चायतबाट स्वीकृत पत्र लिनुपर्ने प्रावधान थियो ।

कृष्णप्रसाद कोइरालाले छोटो समयमै मनग्ये आर्जन गरे र उनमा पनि विस्तारै विद्रोह पैदा भयो । कालिदास पछि सरुवा भएर काठमाडौं जाने बेला भयो, कृष्णप्रसाद भने मोरङमै रम्न चाहे । उनी गएनन् । उनी यहाँबाट नजानु पनि प्रजातन्त्रको जग स्थापित हुनु थियो । कृष्णप्रसाद कोइरालाले राणाशासकलाई गिज्याउँदै पठाएको धुत्रो कपडाको पार्सलले पनि प्रजातान्त्रिक आन्दोलनलाई अर्कै मोडतर्फ लग्यो ।

प्रजातान्त्रिक आन्दोलनको जग यहींबाट सुरु भयो । कृष्णप्रसादका छोरा मातृका, विपी, केशवप्रसाद, तारिणी, गिरिजाप्रसाद कोइरालाहरू समाजका विभिन्न क्षेत्रमा काम गर्न थालिसकेका थिए । विपी कोइराला वनारस गएर पढिरहेका थिए । विराटनगरमै पनि कृष्णप्रसाद कोइरालाले आदर्श स्कुल, अन्य उद्योग कारखाना, काली मन्दिर, कोसी अस्पतालजस्ता विकासका पूर्वाधार तयार गर्न थालिसकेका थिए ।

मूलतः विराटनगर जुट मिल्सको स्थापना र यहाँ भएको मजदुर आन्दोलनबाटै प्रजातन्त्रको आधार खडा भयो । वि.सं. २००३ मा सुरु भएको मजदुर आन्दोलनले मजदुरको हक र अधिकार मात्र अघि बढाएनन् प्रजातन्त्रको माग पनि गर्न थाल्यो । राणाशासन ढाल्ने रणनीति पनि बनाउन थाल्यो । मजदुर आन्दोलनकै बलमा राणाशासनको अन्त्य हुने आधार खडा भयो ।

मजदुर आन्दोलनको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए । हक्की स्वभावका कोइराला मजदुरी नै गर्थे । मजदुरी एक बहाना थियो, परिवारको समुन्नत आर्थिक अवस्थाका कारण उनलाई मजदुरी गर्नु पर्थेन तर, उनले यसलाई भरपुर प्रयोग गरे । मजदुर आन्दोलनलाई अघि मात्र बढाएनन् ट्रेड युनियन आन्दोलनको सूत्रपात पनि गरे । मजदुर आन्दोलनकै बलमा नेपाल ट्रेड युनियन कांग्रेस स्थापना भयो ।

त्यो समय २००३ तिर आम जनमानसलाई प्रजातन्त्रको आन्दोलनमा होम्नु सहज थिएन । सोझोपन, सरलपनको समाज थियो । श्री ३ महाराजालाई त्यो बेला शक्तिका रूपमा हेरिएको थियो र, हम्मेसी कसैले प्रतिकार गर्ने अवस्था थिएन । गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारीहरूले यो कुरा राम्ररी बुझेका थिए । उनीहरूले मजदुरमार्फत आन्दोलन अघि बढाएर पहिले मजदुरको समस्या अघि सार्ने अनि प्रजातन्त्र ल्याउने परिकल्पना गरेका थिए ।

मजदुर आन्दोलनले नेपालमा खास अर्थ राखेको छ । यो आन्दोलन सुरु नभएको भए राणाशासन ढाल्न निकै गाह्रो कुरा थियो । त्यो बेला गिरिजाप्रसाद कोइरालासित निकट रहेर मजदुर आन्दोलनमा सहभागी भएका स्वतन्त्रता सेनानी भीमराज नौलखाले 'कालापानी माथिको विजय' नामक पुस्तकमा लेखेका छन्, 'कृष्णप्रसाद कोइरालालाई तत्कालीन राणाशासकले बन्दी बनाइसकेको थियो, प्रजातन्त्रको आवाज दबाउन हरप्रकारको प्रयत्न गरिएका थिए, विराटनगरमा रहेको बडाहाकिमको कार्यालयले निरन्तर प्रजातन्त्रवादीलाई पक्राउ गर्ने, मार्ने, देश निकाला गर्ने गरिरहेको थियो । यस्तोमा गिरिजाप्रसाद कोइरालाहरू अडिग भएर निरन्तर लानुभयो, यातना, दबाब, धम्कीको प्रवाह नगरीकन आन्दोलनमा होमिनुभयो, अन्ततः मजदुर आन्दोलन दबाउन नसकिने रहेछ भन्ने लाग्यो र, केही बुँदामा सम्झौता भयो, सम्झौता भएपछि प्रजातन्त्रवादी झनै उत्साहित भए, मजदुरको समस्या थाती राखेर अनि सुरु भयो प्रजातन्त्रको माग, बन्दी रिहाइको आवाज उठ्यो, यसका लागि कोइराला निवास र निवास निकट रहेका धेरै युवाले कठोर मेहनत गरेका थिए ।'

मजदुर आन्दोलनलाई अघि बढाउन मजदुर मात्र सहभागी थिएनन् । भारतबाट व्यापार गर्न आएका जुट, चामल, खाद्यान्न व्यापारीले पनि सहयोग गरे । विभिन्न विचारधारा भएका सबै एक ठाउँमा गोलबद्ध भएका थिए । विराटनगर जुट मिल्स १९औं शताब्दीको ९० को दशकमा स्थापना गर्दा राणाशासक हच्किएको थियो । उद्योग खोल्दा अधिकारको कुरा आउँछ, आम सर्वसाधारण गोलबद्ध भएर शासकलाई प्रहार गर्न सक्छन् भनेर रोक्ने प्रयत्न पनि भएको थियो । सिकार खेल्न हरैंचा आएको बेलामा तत्कालीन श्री ३ महाराजलाई गएर बिन्ती गरिएको थियो-यो उद्योगले नेपालको अर्थतन्त्र माथि उठाउनेछ ।

उद्योग खोल्ने पक्षले त्यो बेलामा आकर्षक 'प्याकेज' राणाशासकलाई नदिएको भए उनीहरू तयार हुन्थेनन् । राणाशासक पक्षलाई त्यो बेला ५१ प्रतिशत सेयर दिइएको थियो । केही भारतीय व्यापारीहरूले अरू हिस्सा लिएका थिए । आफूहरूमाथि परेको खुसीमा राणा प्रधानमन्त्रीले 'ओके' गरेका हुन् ।

नेपालको मजदुर आन्दोलनको महत्त्व त्यसै फरक र बेग्लै भएको होइन । यो एक सामान्य आन्दोलन मात्र थिएन । विपी कोइरालाले भनेका छन्, 'हामीले पहिले न्यूनतम मजदुरका आन्दोलनका कुरा गऱ्यौं, पछि शासक झुकेपछि प्रजातन्त्रको अधिकारको कुरा उठाएका हौं, हामीले धेरै रणनीति बनाएर मजदुर आन्दोलन सुरु गरेका थियौं र यसैका बलमा हामी राणाशासन अन्त्य गर्न पनि सफल भयौं ।'

आज सीमान्त रानीमा रहेको त्यो जुट मिल्स रुग्ण भएको छ । अवशेष मात्र बाँकी छन् । देशलाई यो आन्दोलनले अधिकार दियो तर अधिकार पाएपछि त्यो इतिहासको जगेर्ना गर्न सकिएन । मजदुर आन्दोलनको इतिहाससित निकट भएका प्रायः सबैको मृत्यु भइसकेको छ तर इतिहास रक्षा, संरक्षण गर्नेतर्फ कसैको ध्यान गएन । सात सालको प्रजातन्त्रको जग खडा गर्ने त्यो आन्दोलनलाई आमरूपमा बिर्सने काम भएको छ ।

यो केवल एक सामान्य आन्दोलन थिएन । जनताद्वारा जनताका लागि जनताको सरकार बनाउने आन्दोलनको नेतृत्वदायी भूमिकाको सूत्रपात थियो । र पनि हामी यो इतिहासलाई बिर्सन खोज्छौं, त्यो इतिहासको जगेर्ना गर्न सक्दैनौं । इतिहासको सम्मान गर्न जानिएन भने भविष्यले पनि इतिहासको सम्मान गर्न सक्दैन । यो कुरालाई अहिलेको पुस्ताले समेत मनन गरेको देखिएन । विराटनगर जुट मिल्स र अन्य उद्योग व्यवसायलाई इतिहासको अक्षरमा मात्र सीमित गर्ने प्रयास भएको देखियो । आज त्यो बेलाको धेरै इतिहासको अन्त्य भएको छ । खोजेर पनि कतिपय इतिहास हामीभन्दा धेरै टाढा पुगिसकेका छन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँङ सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो ।

पत्रबमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- ' तपाईले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो म खुसी छु तपाईले मलाई महामात्य बनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईलाई सहयोग गर्नेछु । यसका लागि तपाईले मलयकेतुको हत्या गरी पन्चनन्द राज्य ती पांचलाई दनुपर्छ ।

मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए । रिसले फुकार्दै भन- ' विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पांचको उनको शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए ।

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए । यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे । विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौ ।

राक्षसले चिठी हेरेर झ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो । क्रमशः

## पत्र–मञ्जुषा

### यसकारण उठ्दै छ सहकारी दर्ता खारेजीको माग

भनिन्छ, समयानुसार हिंड्न र समयानुसार आफूलाई परिवर्तन गर्न आवश्यक छ । जो मानिसले आफूलाई समयानुसार परिवर्तन गर्दैन वा हिँड्दैन उसले कतै नपाएको दुःख पाउँछ । हो, त्यसरी नै सरकारले २०४८ सालमा सहकारी ऐन जारी गऱ्यो । त्यसपश्चात् मुलुकभर सहकारी दर्ता हुन थाल्यो ।

केही समयसम्म सहकारीले जनताको हितमा काम गऱ्यो तर पछि नाफाको लोभमा सहकारीहरू पनि ठगीधन्दातिर लागे । पछिल्लो समय सहकारी दिनहुँजसो भागिरहेका छन् । यता नभागेका सहकारीहरूले पनि बचतकर्ताको वर्षौंदेखि निक्षेप तथा रकम फिर्ता नगरेको सुनिन्छ ।

बजारमा सहकारीको लुटको धन्दा छ्यापछ्याप्ती हुन थालेपछि अहिले बल्ल सरकारको आँखा यतातिर पर्न थालेको छ । सरकारले अहिले एउटा सहकारीमा एक बचतकर्ताले २५ लाख रूपैयाँभन्दा बढी रकम राख्न नपाइने भनेर ऐन तथा कानुन बनाउन थालेको छ । तर, सहकारीका सञ्चालकहरू भने यसको खुलेरै विरोध गरिरहेका छन् । किनकि यसपछि उनीहरूले कमिसन, सेवा शुल्क र चर्को ब्याज असुल्न पाउँदैन ।

सरकारले गरिबी तथा बेरोजगारी निवारण गर्नका लागि राजस्वको लोभमा सहकारी दर्ता गर्न दिइयो तर कसलाई थाहा। सहकारीले गरिबी निवारण गर्नुको साटो अर्बपतिलाई सडकपति बनाउँछ भनेर । अहिले बजारमा दिनहुँजसो सहकारी भागेका छन् । जसले गर्दा दिन प्रतिदिन बचतकर्ताहरू आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेका छन् ।

यता नभागेकाहरूले पनि आज र भोलि भन्दै रकम फिर्ता गरिरहेका छैनन्। सरकारले पनि समयमै ऐनकानुन परिवर्तन गरेर नयाँ कानुन निर्माण नगर्दा एउटै सहकारीमा एक बचतकर्ताको एक करोडदेखि सात करोड रूपैयाँसम्म रकम डुबेको छ । केही समयअघि मात्रको घटना हो । राजधानीको विभिन्न स्थानमा रहेका सहकारीहरूले बचतकर्ताको हालबेहाल बनाए ।

उदाहरणका लागि सिभिल सेभिङ एण्ड क्रेडिट सहकारीले एउटै बचतकर्ताको नौ करोड रूपैयाँसम्म रकम डुबाएको छ । त्यस्तै, गौतम श्री बहुउद्देश्य सहकारी, कान्तिपुर फाइनान्स, देउराली सहकारी, लालिगुराँस सहकारीलगायतले पनि एउटै बचतकर्ताको पाँच करोडदेखि आठ करोड रूपैयाँसम्म रकम डुबाएको सुनिन्छ ।

यसरी सरकारले बेलैमा कानुन परिवर्तन नगर्दा एक/दुई लाख डुब्नेको त केही भएन तर करोड-करोड रकम डुब्नेहरू आत्महत्या गर्नुपर्ने अवस्थामा पुगे । बैंकमा १० लाख रूपैयाँभन्दा बढी रकम राख्नुपरेमा आयस्रोत खुलाउनुपर्छ तर सहकारीमा करोडौं रूपैयाँ राख्दा पनि खुलाउनु पर्दैन । यसरी स्रोत खुलाउन नपरेपछि भ्रष्टाचार गरेको, राजस्व छलेको वा अरुलाई ठगेर कमाएको रकम सबै सहकारीमा जम्मा गरियो। तर, कसलाई केही थाहा आफूले ब्याजको लोभमा खाइनखाई राखेको रकम सहकारीले उडाइदिन्छ भनेर ।

कुरा एक वर्षअघिदेखिको हो । जब सहकारीहरू भाग्न थाले वा भएकाले पनि बहाना बनाएर बचतकर्ताको रकम दिन छोडे । सुरुसुरुमा त सबैले आजभोलि गर्दै दिन्छन् होला भनेर विश्वास गरे तर आजभन्दा भोलिभन्दा सहकारी नै टाट पल्टियो ।

सहकारीका सञ्चालक तथा अध्यक्षहरूले ब्याज, सेवा शुल्क र कमिसनको लोभमा बचतकर्ताले एकमुष्ट राखेको रकम जोखिमपूर्ण क्षेत्रमा लगानी गरे । जुन थियो- घरजग्गा, गाडी र सेयर । उक्त क्षेत्रमा मन्दी आएसँगै सहकारीहरू स्वतः समस्यामा पर्न थाले ।

सेवा शुल्क, कमिसन र चर्को ब्याजमा सहकारीका सञ्चालकहरूले ४० लाख मूल्य पर्ने जग्गालाई ४० लाख नै कर्जा लगानी गऱ्यो । यता एक करोड मूल्य बराबरको घरमा पनि आँखा चिम्लेर ब्याज र कमिसनको लोभमा एक करोड नै लगानी गरियो । तर, ती घरहरूले घर सम्पन्नताको प्रमाणपत्र लिएका छ वा छैनन् ? बाटो मिचेर बनाएका छन् वा छैनन् ? भन्नेमा यिनीहरूले चासो देखाएनन् । भनिन्छ नि ब्याजको लोभमा साँवा नै फसियो भनेर ।

सरकारले न सहकारीको अनुगमन गऱ्यो न कुनै कडाइ । सहकारी पनि टाठाबाठाले चलाए अनि ऋणलाई त सुकुम्बासी बनाए नै तर बचतकर्तालाई पनि छोडेनन् । पहिला-पहिला शोषक, सामन्तीले गरिबहरूलाई एक लाख रूपैयाँ कर्जा दिएर उसको घरजग्गा सबै खाइदिन्थ्यो । तर, पछिल्लो समय सहकारी त्यही सिक्यो । त्यसैले, अहिले बजारमा सहकारीको दर्ता खारेज गर्नुपर्ने माग उठिरहेको छ । सहकारी क्षेत्रको यो समस्या तत्काल हल गर्न जरुरी छ ।

*–रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**शिवलिंगमा गाई दूध चढाइँदै**

महाशिवरात्रिको अवसरमा शनिबार पोखरा–६ बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिरमा शिवलिंगमा गाईको दूध र जल चढाउँदै भक्तजन। *तस्बिरः ऋषिराम बराल/रासस*

# ‘कर्णाली नदी संकटमा छ, यसलाई बचाऔं’

■ **प्रभाव संवाददाता**

**सुर्खेत–** कर्णाली नदीसँग कर्णालीको इतिहास, सभ्यता र अर्थतन्त्र जोडिएको छ । कर्णालीवासीको जीवनसँग जोडिएको छ, कर्णाली नदी । इतिहासमा रेशमीमार्गका रूपमा परिचित कर्णाली करिडोर बंगाल र भोटको व्यापार जोड्ने ठूलो आर्थिक करिडोर रहेको थियो ।

चीनको तिब्बतस्थित कैलाशदेखि नेपाल हुँदै भारतको गंगा नदीसम्म फैलिएको कर्णाली नदी सबैभन्दा लामो नदी पनि हो । तर, हिजोको गर्विलो विरासत, आजको कर्णाली नदीसँग छैन । कर्णालीको नदी संरक्षण आजको चुनौती बनेको छ । र, यो नदीको उपभोग कसरी गर्ने ? यसबाट कर्णालीवासीले कसरी फाइदा लिने ? बहस र चर्चाको विषय बनेको छ ।

यसैबारे बहसमा उत्रिएका छन्- नेपाल सरकारका सहसचिव कलानीधि पौडेल, सामाजिक विकासविज्ञ मिनबहादुर शाही, नदी संरक्षण अभियान्ता मेघ आले र आठबिस नगरपालिका दैलेखकी पूर्वउपप्रमुख दीपा बोहोरा। सहजकर्ता थिए, अभियान्ता नारायण वाग्ले । बहस गर्ने थलो बनेको छ, कर्णाली उत्सव ।

बहसको सुरुआतमा ‘त्यो बेलाको कर्णाली नदी कस्तो थियो ?’ सहजकर्ताले बोहोरालाई प्रश्न गरे । कर्णाली नदी किनारमा जन्मे, हुर्किएकी बोहोराले देखेको, भोगेको कर्णाली नदी पहिलेभन्दा अहिले धेरै फरक छ । त्यो बेलाको कर्णाली नदी सफा र स्वच्छ थियो । नदी किनारबाटै असला माछा खेलिरहेको प्रस्ट देखिन्थ्यो।स्थानीयको जीविकोपार्जन गर्ने आधार बनेको थियो । कर्णाली नदीमा माछा मारेर नदी किनारका बस्तीहरू पालिएका थिए ।

दीपालाई आमा र कर्णाली नदी एउटै लाग्छ । ‘आमाले आफ्ना सन्तानलाई उनीहरूको सुख र खुसीका लागि बेहिसाब सेवा गरिरहन्छिन्, दिई नै रहन्छिन्। त्यसरी नै कर्णाली नदीले कर्णालीवासीलाई सेवा गरिरहेको छ,’ उनी भन्छिन्, ‘बदलामा हामीले बस्तीका ढल दिएका छौं, प्लास्टिकको थुप्रो दिएका छौं ।’

हिजो पिउन मिल्ने कर्णाली नदीको पानि आज गन्हाउने बनेको छ । ‘वर्षायाममा



कहिलेकाहीँ कर्णाली रिसाउँछ, गर्जिन्छ । उसले भन्छ- मलाई अझै कति दोहन गर्छौ ? कति लुट्छौं ? तर, हामी सबै टुलुटुलु हेरेर बसेका छौं । अब नदी संरक्षणमा जुटौं,’ दीपा भन्छिन् ।

नदी संरक्षण अभियान्ता आलेले ‘कर्णाली नदी कहाँबाट आउँछ ?’ भन्दै मञ्चमा रहेकाहरूलाई प्रश्न गरे । कैलाश मानसरोवरको काखबाट बग्ने कर्णाली नदीको वैभव र महत्त्व यहाँका नागरिक र सरोकारवालाहरूले नबुझेको उनी बताउँछन् । उनी भन्छन्, ‘ओम कैलाश, कर्णाली कर्म र अर्थात् महादेव कैशाल क्षेत्रबाट आएको हो, कर्णाली ।’ भविष्यका सन्ततिलाई कर्म गर्ने थलोको रूपमा कर्णाली नदीलाई बचाउनुपर्ने उनी बताउँछन् ।

छ हजार नदीनाला रहेको नेपालमा सबैभन्दा दुर्लभ नदी कर्णाली भएको आले बताउँछन् । २७ वर्षअघि कर्णाली नदी पछ्याउँदै गंगादेखि मानसरोवरसम्म पुगेका आले नदी संरक्षण अभियान चलाउँदै आएका छन् । उनले कर्णाली नदी बचाउनुपर्ने वैज्ञानिक आधारसहितको रिपोर्ट सरकारलाई दिएका छन् । तर, त्यो रिपोर्टबारे सरकारले वास्ता नगरेकोप्रति उनले दुखेसो पोखे ।

कर्णाली नदी पर्यावरणीय मात्र नभई धार्मिकरूपमा पनि महत्त्वपूर्ण रहेको उनी बताउँछन् । कैलाश मानसरोवरबाट गंगा जोड्ने एउटामात्रै नदी कर्णाली हो । ‘यो सभ्यताको मुहान हो । कर्णाली मानवसभ्यताको रक्तनली पनि हो । कर्णाली जैविक विविधतामा धनी छ । यसलाई विश्वसम्पदामा सूचीकृत गर्नुपर्छ,’ आले भन्छन्, ‘विकास सन्तुलित र दिगो हुनुपर्छ । कर्णाली नदीमा डचाम बाँधेर विद्युत् निकाल्नु उपयुक्त हुँदैन । यसलाई राज्यले बुझ्नुपर्छ ।’

रिभर एड्भेन्चर टुरिजमका लागि कर्णाली नदी संसारकै पाँच नम्बरमा पर्छ । ‘प्रदेशको नामसमेत यही नदीबाट रहेकाले यसलाई मास्नुभन्दा पहिला सयौंपटक सोच्नुपर्छ । पशुपतिभन्दा महत्त्वपूर्ण छ, कर्णाली,’ उनी भन्छन्, ‘हाम्रो विकासको सोच हाइड्रो फचाक्ट्री डचाम बनाउने हो कि बचाउने हो ?’ कर्णालीका शाखा नदीहरूबाट मात्रै छ हजार ६१९ मेटावट विद्युत् उत्पादन हुने भएकाले कर्णाली नदीलाई खुला छोडिदिनुपर्ने आलेले बताए ।

सामाजिक विकासविज्ञ शाहीले भने नदी प्रणालीको बचाउनका लागि संरक्षण र विकास सँगसँगै लौजानुपर्ने बताए । कर्णालीजस्तो गरिबीको रेखामुनि रहेको प्रदेशमा ठूला आयोजना निर्माण आवश्यक रहेको उनी बताउँछन् । ‘विद्युत् मात्रै नभई बाटोघाटो पनि यहाँको आवश्यकता हो । विकास र संरक्षणलाई एकसाथ अगाडि लैजानुपर्छ,’ उनी भन्छन्, ‘नेपालको नदी प्रणालीमा आएका समस्याबारे राज्य गम्भीर हुनुपर्छ । आवश्यक नीति निर्माण र त्यसको कार्यान्वयन गर्नुपर्छ ।’

नदी संरक्षणका लागि सरकारले आवश्यक ऐन कानुन निर्माण गरिहेको नेपाल सरकारका सहसचिव पौडेलले बताए । तीनै तहका सरकारले एकीकृत योजना तर्जुमा गरेर चासो नदिएसम्म नदी संरक्षण हुन नसक्ने उनको भनाइ छ । ‘जंगलको विनास भए, वन मन्त्रालय छ । भूमिको भूमि मन्त्रालय छ । नदी संरक्षणका लागि सरकारसँग के छ ?,’ उनले सरकारलाई नै प्रश्न गरे । नदीको संरक्षणका लागि शक्तिशाली कानुनको अभाव रहेको पौडेलले बताए ।

## त्रिभूवनले...

पृष्ठ १ बाट जारी

**प्रजातन्त्र घोषणा कतिबेला भएको हो ?**

दिउँसो । त्यस्तै २/३ बजेको थियो होला । प्रधानमन्त्री मोहन शमशेर, मातृकाप्रसाद, बिपी, सुवर्ण शमशेर, सूर्यप्रसाद, कृष्णप्रसाद, गोपालप्रसाद, गणेशमान आउनुभयो । त्यो ठूलो ऐतिहासिक राजनीतिक घटना थियो ।

**शाही घोषणाको मस्यौदा त भारतमै तयार गरिएको भनिन्छ नि हो ?**

हो । घोषणाको मस्यौदा नयाँ दिल्लीमा भएको हो । त्यसको अनुवाद काठमाडौंमा मोहन शमशेरले गर्नुभएको हो । त्यो मस्यौदाको भाषा नेपाली कांग्रेसका मान्छेहरूलाई मनपर्ने थिएन । त्यसमा भनिएको थियो, ‘हाम्रा विश्वासी प्रधानमन्त्री श्री ३ महाराज...’ यो त कांग्रेसीहरू भन्न मान्दैन थिए । खाली कांग्रेसीहरूले त्यसबेला मानेको के हो भने सम्पूर्णरूपले जनताबाट निर्वाचित संविधानसभा । आजसम्म त्यस्तो खालको संविधानसभा नेपालमा गठन भएको छैन । २०६४ र २०७० सालमा गठित संविधानसभामा जनताबाट निर्वाचित र नेताहरूबाट मनोनीत दुवै खालका थिए । सम्पूर्णरूपले जनताबाट निर्वाचित त थिएनन् ।

**अनि, शाही घोषणामा उल्लेख भएको खास सन्देश के थियो ?**

हाम्रा जनताले निर्वाचित गरेका प्रतिनिधिहरूद्वारा बनाइएको संविधान नेपालको संविधान हुनेछ । शब्दमा केही पऱ्यो होला । तर, आशय यही थियो ।

**फर्केर हेर्दा २००७ सालको क्रान्ति सफल मान्न सकिन्छ ?**

सकिँदैन । भारतले त्यो क्रान्तिलाई ‘हाइज्याक’ गऱ्यो । खासमा मातृकाप्रसाद र बिपी कोइरालाहरूको योजना राजा त्रिभूवनलाई हेलिकप्टरबाट पाल्पा लाने थियो । त्यहीँबाट प्रजातन्त्रको घोषणा गराउने थियो । तर, भारतले उडाएर त्रिभूवनलाई दिल्ली लग्यो । त्यसकारण म भन्छु- २००७ सालको क्रान्ति भारतले ‘हाइज्याक’ गरेकै हो । भारतले राजा त्रिभूवनलाई सर्वेसर्वा बनाएकै हो । कुनै पनि देशमा राजनीतिक क्रान्ति गर्ने जमातले त सत्ता प्राप्त गर्छ । चाहे दुई दिनलाई होस्, चाहे तीन महिना किन नहोस् । तर, नेपाली कांग्रेसले सत्ता प्राप्त गर्न सकेन । अर्कोतिर दिल्ली सम्झौता नै भारतको सहजीकणमा त्रिभूवन र मोहनशमशेरबीच भएको हो । कांग्रेसको सहभागिता थिएन ।

**उसो भए दिल्ली सम्झौताप्रति कांग्रेसले अपनत्व ग्रहण गर्दैन त ?**

किन गर्ने ? उसको सहभागिता नै थिएन । गर्नु कसरी ? तर, के भयो भने मान्नु त पऱ्यो । कांग्रेस नेताहरू भारतमै आश्रित थिए । नमानेर के गर्नु ? यसरी ट्र्यापमा पारियो । क्रान्ति गर्ने कांग्रेसलाई कमजोर बनायो । राजालाई बलियो पारियो । श्री ३ शक्तिशाली भएको ठाउँमा श्री ५ शक्तिशाली भए । त्यति न हो ।

**राजनीतिकरूपमा कांग्रेसलाई फाइदै भएन ?**

मन्त्री पद पायो । गृहमन्त्री बिपी हुनुभयो । त्यो पनि प्रोटोकलमा तेस्रो । पहिलो प्रधानमन्त्री मोहन शमशेर, दोस्रोमा बबर शमशेर । बिपीले मान्नुभयो । किनभने सम्झौता थियो ।

## सांसद चौधरीको...

पृष्ठ १ बाट जारी

जनाको बाँकी कैद सजाय मिनाहा गरिदिएकी हुन् ।

संविधानको धारा २७६, फौजदारी कसुर ऐन, २०७४ को दफा ३७ तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार माफी दिएको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रसँगै चाडबाडको बेलामा अनुशासित कैदीबन्दीलाई कैद छुट दिने चलन छ । मन्त्रिपरिषद्को फागुन ४ गते बसेको बैठकले ३८१ कैदीको बाँकी कैद मिनाहाका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

# ‘दलित समुदायको प्रतिनिधित्वविना कर्णालीको समृद्धि असम्भव’

■ **प्रभाव संवाददाता**

**सुर्खेत–** प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले नेपाली समाजलाई सद्भावयुक्त बनाउन राज्य र समाज सँगसँगै अघि बढ्नुपर्ने बताएका छन् । कर्णाली उत्सवको चौथो संस्करणको पहिलो सत्र ‘दलित दलिल’मा वक्ताको रूपमा सहभागी उनले दलित र भेदभावमा परेको अन्य समुदायको आत्मसम्मानका लागि भेदभावयुक्त समाजको अन्त्य गर्नुपर्ने बताए ।

‘यहाँ विभेदकै कारण मानिस मारिएको अवस्था छ, यस्ता विभेद अन्त्य गर्न राज्यले समानताको सिद्धान्तलाई अवलम्बन गरी अघि बढ्नुपर्छ,’ उनले भने, ‘हामीले हाम्रो समाजलाई सद्भावयुक्त बनाउनुर्छ । यसका लागि राज्य र समाज सँगसँगै अघि बढ्नुपर्छ ।’ सांसद विश्वकर्माले दलित समुदायको समृद्धिका लागि उनीहरूको सीपलाई आधुनिकीकरण गर्नुपर्ने बताए । कर्णालीको पछि परेका हरेक समुदायभित्र पनि दलित अझ पछि परेकोले उनीहरूको सामाजिक, आर्थिक विकासका लागि राज्य गहन भएर लाग्नुपर्नेमा उनले जोड दिए ।

‘केही तथ्यांकले कर्णालीमा २९ प्रतिशत दलित भएको दाबी गरेका छन्, कर्णालीको कूल जनसंख्यामा एउटा महत्त्वपूर्ण हिस्सा दलितको छ । यी समुदायको सीपलाई आधुनिकीकरण र वैज्ञानिकीकरण नगरी उनीहरूको समृद्धि हुन सक्दैन,’ सांसद विश्वकर्माले भने ।उनले कर्णालीका दलित र प्रदेशको समग्र समृद्धिका लागि राज्य




गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए । अहिलेको निर्वाचन प्रणाली र राजनीतिक विभेदका कारण नीति निर्माण गर्ने ठाउँमासमेत दलितको प्रतिनिधित्व हुन नसकेको उनको भनाइ थियो ।

‘हामीले यो अहिलेको निर्वाचन प्रणालीबाट जनअपेक्षा पूरा गर्न सक्दैनौं, निर्वाचन प्रणाली सच्याएपछि मात्र विविधतायुक्त नेपालीको साँचो प्रतिनिधित्व हुन्छ,’ उनले भने ।

कर्णाली प्रदेशकी भौतिक पूर्वाधार राज्यमन्त्री उर्मिला विश्वकर्माले दलित समुदायले आफ्नो जीविकाका लागि आत्मनिर्भर बन्नुपर्ने बताइन् । ‘अहिले दलितले खलो माग्ने प्रचलनको अन्त्य गर्नका लागि दलितसम्बन्धी बनाएका ऐनहरूलाई संशोधन गर्नुपर्छ,’ उनले भनिन्, ‘दलितले खानाका लागि खलो माग्ने होइन, आफैंले केही पाइला चाल्नुपर्दछ।’उनले सरकारमा आफ्नो सहभागितालाई अर्थपूर्ण सहभागिताका रूपमा हेर्नुपर्ने बताइन्। उनले कर्णालीमा महिला र दलितको प्रतिनिधित्व ढोकाबाट छिर्न नसकेपछि राज्यमन्त्री पदमार्फत झ्यालबाट भित्र पसेको स्वःटिप्पणी गरिन् । ‘ढोकाबाट छिर्न नसकेको प्रतिनिधित्व झ्यालबाट छिरेको छ,’ उनले भनिन् । कर्णाली प्रदेशमा यसअघि पनि महिलाको सहभागिता मन्त्रिपरिषद्मा नभएपछि अदालतमा रिट परेको थियो ।

नेपाल सरकारका पूर्वसचिव डा. मानबहादुर बिकेले अहिलेको कानुन र अभ्यासले सरकारी सेवामा दलितको उचित प्रतिनिधित्व नहुने बताए । कर्णालीका सन्दर्भमा उनले सरकारले दलित समुदायलाई राज्यको मुलधारमा नल्याएसम्म प्रदेश माथि नउठ्ने दाबी गरे । ‘प्रजातन्त्र आएको दुई दशकपछि नेपाल सरकारले एउटा सचिव पायो, यही कानुन र अभ्यास भयो भने अब अर्को सचिव आउन ११ बर्ष लाग्छ,’ पूर्वसचिव बिकेले भने ।


## लालीगुराँस नगरपालिका,
### नगरकार्यपालिकाको कार्यालय
**बसन्तपुर, तेह्रथुम प्रदेश नं.१, नेपाल**

**लालीगुराँस नगरपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरू सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरू छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरू उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रूपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरूको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# प्रभाव दैनिक

आइतबार, ७ फागुन २०७९ (Sunday, February 19, 2023)


रूपशाला



## 'ए साथी सुन' १० चैतमा

वर्षा शिवाकोटीको मुख्य भूमिका रहेको फिल्म 'ए साथी सुन' १० चैतबाट प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले दुई पोस्टर सार्वजनिक गर्दै रिलिज मिति घोषणा गरेको हो। पोस्टरमा वर्षा शिवाकोटी र डेब्यु कलाकार रमेश बानियाँ देखिएका छन्। लभस्टोरी, थ्रीलर र कमेडी जानराको फिल्ममा वर्षा र रमेशको अलावा आयन खड्का, सुशील पोखरेल, जयनन्द लामा, रमेश अधिकारी, विमला गिरी लगायतको अभिनय छ। राम राघव आचार्यको लेखन तथा निर्देशन रहेको फिल्मलाई बिना कार्की र सन्तोषकुमार राईले निर्माण गरेका हुन्।

# 'झिंगा र गर्लफ्रेण्डमध्ये एउटा रोज्नुपरे म झिंगा रोज्थें'




सबैजनालाई कोटी कोटी नमस्कार म कलाकार **कोशल हमाल**। कर्णालीको मुलद्वार सुर्खेतमा बोलाएर आफ्नो कथा सुनाउने अबसर दिनुभएकोमा कर्णाली उत्सवलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। मेरो दृष्टिकोणमा पैकेलो अर्थ फरक छ। पैकेलो निर्माण गर्न पृष्ठभूमिका पैकेलो जहिले पर्दापछाडि हुन्छन्। बुद्ध पैकेलो हुनुभन्दा पहिले त उहाँको आमा हुनुहुन्थ्यो, बुद्धले भन्दा धेरै ध्यान उहाँको आमाले गर्नुभयो। त्यसैले बुद्ध बुद्ध भए जन्मिए। अहिले हामीले बुद्धलाई शान्तिको दूत भनेर चिन्छौं। म कोशल हमाल पनि कर्णालीमा जन्मिएर कर्णालीले नै महत्व दिएको मान्छे हुँ।

मैले ३ कक्षादेखि १० कक्षासम्म पढ्दा एउटै रुचिले जेलिएँ। त्यतबेला मेरो सबैभन्दा ठूलो रुचि भनेको सिङहरू भेला पार्नु थियो। अरुको घरमा खसी च्यांग्रा र भेडा काटिएको भोलिपल्टदेखि सिङ भेला पार्ने रुचि थियो। कहिलेकाँही भैसीको सिङ पनि भेला पार्थे। सिङ बचाउन पनि मैले। खुब मेहनत गरेको छु। मैले माटो र ढुंगाको सानो घर बनाउथें र त्यो सिंग अरु कसैले नदेखोस भनेर घर पछाडीको बारीमा खाल्डो खनेर पुरिदिन्थे। मलाई कसैले पनि मेरो सिंग नचोरोस् भन्ने लाग्थ्यो।

त्यही बेला मेरो अर्को रुचि झिंगा हेर्ने थियो। सायद त्यसबेला म युवा हुन्थें र त्यस समयमा कसैले झिंगा र गर्लफ्रेण्ड मध्ये कसलाई रोज्नुहुन्छ भनेर सोधे मैले झिंगा रोज्थे। झिंगा मेरो कोठामा बसोस् भनेर तार र डोरीको बाटो बनाइदिएको दिएँ। झिंगा हटाउन भनेर घरमा औषधी राखिन्थ्यो तर मैले औषधी नै लुकाइदिन्थें, किनभने मलाई झिंगा जम्मा गर्नु थियो, झिंगा बचाउनु थियो। मैले बाल्यकालको सबैभन्दा नजिकको साथी झिंगा र सिंगलाई बनाएर उनीहरूसँग आँखा जुधाएर कुरा गर्थे।

मेरो दुई खाले स्कुल थियो त्यसबेला। एउटा औपचारिक शिक्षा प्राप्त गर्ने स्कुल र अर्को झिंगा र सिङको स्कुल थियो। शिक्षकहरूले अगाडि पढाउँदा मैले स्कुलमा गएर झिंगा र सिंगको चित्र बनाएर बस्थें। अरु स्कुल जान्थे, घरमा होमवर्क गर्थे। म घरमा मेरो झिंगा र सिंगको स्कुलमा रमाउँथे, स्कुल गएर होमवर्क गर्थें। उनीहरूलाई सम्झिएर चित्र कोर्थे। मेरो रुचि र पढाइ फरक हुँदा मैले पढाइ राम्रो गर्न सकिन।

सिंग र झिंगा पछि म अब आमा र दिदीमा जान्छु। त्यसबेला एकजना दिदीले हिउँ जम्मा पारेर मान्छे बनाउने, हिउँ बनाउने गर्नुहुन्थ्यो। ती हिउँमान्छेहरूलाई मैले टाढाबाट हेर्थे। तर मान्छेहरूसँग आइ कन्ट्याक हुन पाएन। हिउँले बनाएका मुर्ति हेर्न पाएँ, उनीहरूसँगै कुरा गरें। अर्को मेरो माइलो बुवाका छोरा भरत हमालले मुहारचित्र बनाएर राख्नुहुन्थ्यो। त्यसलाई मैले प्रेमसहित हेर्न थाले। हिउँ एकपटक पर्थ्यो तर मैले बर्षभरि हिममानवको चित्र बर्षभरि सम्झिन थाले। हिममानव, झिंगा, सिंग र मुहारचित्रले मेरो कलायात्रामा प्रभाव पार्न थाल्यो, सायद मेरो कलाको आधार त्यही थियो। त्यही जगमा टेकेर म हिडिरहेको छु।

चित्रमा मात्रै ध्यान दिँदा मैले एसएलसीमा राम्रो अंक ल्याउन सकिन। एसएलसीमा विज्ञानमा चारवटा मात्रै चित्र बनाएर फर्किएको थिएँ र त्यही चित्र बनाएर पनि म पास भए। एसएलसी पछि दिदी र आमाले सहयोग गर्नुभयो। दिदीले उहाँले काठमाडौं बोलाउनुभयो र मलाई ललितकला क्याम्पसमा भर्ना गरिदिनुभयो। एकदमै सानो फुच्चे, ललितकला क्याम्पसमा कसैले पनि मलाई विद्यार्थी भनेर सोचेनन होला।

मैले एकपटक चित्र बनाइरहेको थिएँ, सरले बोलाएर ओइ केटा ललितकला क्याम्पस पढ्न मन छ भने एसएलसी पास गरेर आ भन्नुभयो। त्यहाँ पनि मैले मान्छेहरूको अनुहार हेर्न सकिन खुट्टाहरू हेरेर मान्छे चिन्थें। म मुगुबाट आएको मान्छे अंग्रेजी राम्रो थिएँ। मैले अरु बिद्यार्थीहरूभन्दा डबल काम गर्दै आएँ। ललितकला क्याम्पसमा पछि मलाई शिक्षकहरूले मलाई एकदमै रुचाउँदै जान थाल्नुभयो। उहाँहरूले तिमी ठूलो आर्टिस हुनेछौं भनेर आर्शिवाद दिनुभएको थियो। उहाँहरूले मलाई पाकिस्तान पढ्न पनि पठाउनुभयो। त्यसका लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु।

ललितकला क्याम्पसमा शास्त्रिय तरिकाले पढाइ हुन्थ्यो। एउटा कक्षामा एउटा शिक्षक हुनुहुन्थ्यो, पाकिस्तानमा चाँहि एउटा क्लासमा तीनजना शिक्षक हुनुभयो। त्यहाँ धेरै परीक्षा हुन्थ्यो। पाकिस्तानका त शिक्षकहरूको गाली गराई पनि क्रियटिभ थियो। मैले त्यहाँ पहिलो परीक्षामा १०० मा १० नम्बर पाएको थिएँ, अन्तिम परीक्षामा त म टपर नै भएँ। त्यसपछि मलाई शिक्षकहरूले झन माया गर्न थाल्नुभयो। त्यसरी मैले आफ्नो यात्रा अगाडि बढाउँदै गएँ। त्यसबेला हामीले ६ महिनाभरि गरेको चित्र देखाउनुपर्थ्यो। मेरो डिग्री सो यति पावरफुल भयो कि पाकिस्तानका सबै मिडियाले कभर गरे। मेरो सबै काम बिक्री भयो, त्यस दिनलाई म आफ्नो जन्मदिन भनेर मनाउँछु। जुन ७ २०११ म मेरो जन्म भयो, कलाकारका रूपमा। अहिले मैले जति गरिरहेको छु। त्यो जन्म हुनुमा श्रेय कर्णालीलाई जान्छ।

***(कलाकार हमालले सुर्खेतमा जारी कर्णाली उत्सवमा व्यक्त विचार)***

# 'मिलिनियम किड्स इन्टरनेसनल'मा एकसाथ ४ विजेता घोषित



■ **प्रभाव संवाददाता**

**काठमाडौं–**'मिलिनियम किड्स इन्टरनेसनल २०२३'मा एकसाथ ४ विजेता घोषित भएका छन्। जमलस्थित राष्ट्रिय नाचघरमा शुक्रबार अबेर साँझ सम्पन्न प्रतियोगीतामा जुनियर तथा सिनियर केटा र केटी गरेर एकसाथ ४ विजेता छानिएका हुन्।

प्रतियोगितामा 'मिलिनियम किड्स इन्टरनेसनल' जुनियर केटातर्फ श्लोक अधिकारी शिर्ष विजेता घोषित हुँदा सिनियर केटातर्फ हर्ष शेखर शर्मा विजेता भए। प्रतियोगीतामा जुनियर केटातर्फको फष्टरनरअप आशुतोस गौतम, सेकेन्ड रनरअफ एरिक महर्जन र थर्ड रनरअप थोमस चिनाल भए। जुनियर केटीतर्फ भने फष्ट रनरअप लावेन लिम्बु, सेकेन्ड रनरअफ श्रृजना प्रधान र थर्ड रनरअप रक्सिा खड्का घोषित भए।

त्यस्तै 'मिलिनियम किड्स इन्टरनेसनल' जुनियर केटीतर्फ अन्वेषा कालिकोटी विजेता चुनिदा सिनियर केटीतर्फ रीहाना महर्जनले शिर्ष उपाधि हात पारिन्। सिनियर केटीतर्फ फष्टरनरअप साहासिका श्रेष्ठ भइन्।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको प्रतियोगिताको फाइनल स्पर्धामा रेखा शाह (गायिका), हरि कर्माचार्य (गायक), लियोन श्रेष्ठ (प्रिन्सिपल राजर्षी गुरुकुल स्कुल), रूपेश थापा (फेसन फोटो ग्राफर तथा भिडियो छायांकार), आशिष थापा (प्रमुख प्रशासक हिमालयन ह्वाइट हाउस स्कुल) सम्पुर्ण देवापाटे (माछापुच्छे आइबी वर्ल्ड स्कुलको प्रिन्सिपल तथा हेड अफ एकडेमिक) निर्णायक रहेका थिए।

बालबालिकाको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताए।

फैजु बिगत १३ वर्षभन्दा लामो समयदेखि गुणस्तरीय राष्ट्रिय तथा अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगितामा आयोजना गर्दै आएका छन्। ७ वर्षदेखि १३ वर्षसम्मका विद्यालय अध्ययनरत बालबालिकाको सहभागिता रहेको प्रतियोगीको कोरियोग्राफी अन्तर्राष्ट्रिय फेसन कोच राज फैजु आफैले गरेका थिए, भने ड्रेस डिजाइन श्रीषा बैदार र रेश्मा श्रेष्ठले गरेकी हुन्। विजेता सबैले उपाधिका साथमा विभिन्न गिफ्ट र अवसर समेत प्राप्त गरे।

## रंगशाला

### आइसिसी विश्वकप क्रिकेट लिग-टू

# नेपालको लगातार तेस्रो जित

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग टू अन्तर्गतको त्रिकोणात्मक सिरिजमा नेपालले लगातार तेस्रो जित हात पारेको छ।

कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा शनिबार नामिबियाविरुद्ध ३ विकेटको जित निकाल्दै नेपालले जारी त्रिकोणात्मक सिरिजमा तेस्रो जित हात पारेको हो। सिरिजको पहिलो खेलमा नेपालले नामिबियालाई २ विकेटले हराएको थियो। दोस्रो खेलमा नेपालले स्कटल्याण्डलाई ३ विकेटले हराएको थियो। नामिबियाको यो लगातार तेस्रो हार हो।

नामिबियाले दिएको २ सय ७५ रनको लक्ष्य नेपालले ४७ ओभर ३ बलमा ७ विकेट गुमाएर पूरा गऱ्यो। नेपालको जितमा कुशल मल्ल,आसिफ शेख तथा पूर्व कप्तान ज्ञानेन्द्र मल्लले अर्धशतक प्रहार गरे। आसिफले ९८ बलमा ८ चौका र २ छक्काको सहयोगमा ८१ रन बनाए। आसिफले ६२ बलमा अर्धशतक पूरा गरेका थिए।

आसिफको नेपालका लागि एकदिवसीय अन्तराष्ट्रियमा छैटौं अर्धशतक हो। ज्ञानेन्द्रले ७४ बलमा ५ चौका र ३ छक्काको सहयोगमा ६५ रन बनाए। ज्ञानेन्द्रले ६४ बलमा अर्धशतक पूरा गरेका हुन्। ज्ञानेन्द्रको यो नेपालका लागि एकदिवसीय अन्तराष्ट्रियमा सातौं अर्धशतक हो। मल्ल यस अर्धशतकसँगै नेपालका लागि सर्वाधिक धेरै अर्धशतक बनाउने क्रिकेटर बनेका छन्। कुशलले ४१ बलमा ४ चौका र ४ छक्काको सहयोगमा ६२ रनको अर्धशतक प्रहार गरेका थिए। एकदिवसीय अन्तराष्ट्रियमा कुशलको यो तेस्रो अर्धशतक हो।

९ रन बनाउँदा पहिलो विकेट गुमाएको नेपालका लागि दोस्रो विकेटका लागि ज्ञानेन्द्र मल्ल र आसिफ शेखले १ सय ३९ रनको साझेदारी गरे। पूर्व कप्तान मल्ल तथा ओपनर शेखबीचको यस साझेदारी नेपालको एकदिवसीय अन्तराष्ट्रियमा बनेको सबैभन्दा ठूलो साझेदारी हो। मल्ल र शेखबीच दोस्रो विकेटका लागि १ सय ३९ रनको कीर्तिमानी साझेदारी भएको हो।

यस अघि गत मंगलबार नै नामिबियाविरुद्धको खेलमा कुशल भुर्तेल र रोहित कुमार पौडेलले तेस्रो विकेटका लागि १ सय ३३ रनको साझेदारी भएको थियो। कप्तान रोहित पौडेल ४३ बलमा ३९ रन बनाए। सोमपाल कामी ८ रनमा अविजित रहदा कुशल भुर्तेल, दीपेन्द्र सिंह ऐरीले १/१ रन जोडे। सन्दीप जोराले ३ रन जोड्दा गुलशन झा सुन्य रनमा अविजित रहे।

नामिबियाका लागि रुबेन ट्रम्पेलम्यानले ३ र बेर्नाड स्कोट्जले २ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले ५० ओभरमा ६ विकेट गुमाएर २ रन ७४ रन बनाएको थियो।

नामिबियाका लागि जान ग्रिनले ६३ बलमा ७५ रनको अर्धशतकीय ईनिङ खेलेका थिए। उनले ११ चौका र १ छक्का प्रहार गरेका थिए। पीकी या फ्रान्सले ४९ रन बनाए। रुबेन ट्रम्पेलम्यानले अविजित २४ रन बनाए।

लो-हान्ड्रे लौरेन्सले ४१ तथा माईकल भान २२ रनमा आउट हुँदा कार्ल ब्रिकस्टकले २० रन बनाए। कप्तान ग्रेर्हाड इरास्मस र जान निकोलले समान १५/१५ रन बनाए। नामिबियाले अन्तिम ५ ओभरमा ८४ रन बनाएको थियो।

नेपालका सन्दीप लामिछानेले १० ओभरमा ४६ रन खर्चिएर ३ विकेट लिए। यससँगै विश्वकप लिग टूमा सन्दीप लामिछानेले ५० विकेट पूरा गरेका छन्। ५० विकेट पूरा गर्ने उनी समग्रमा तेस्रो तथा नेपालका पहिलो खेलाडी हुन्। करण केसीले १ विकेट लिए। नेपालले अब अन्तिम खेलमा मंगलबार स्कटल्याण्डसँग खेल्नेछ।

सिरिजमा नेपाल २७ खेलमा २४ अंक जोडेर छैटौं स्थानमा रहेको छ। नामिबिया ३३ खेलमा ३७ अंक जोडेर तेस्रो स्थानमा रहेको छ।

### आसिफ प्लेयर अफ द म्याच

आइसिसी विश्वकप क्रिकेट लिग टूको त्रिकोणात्मक सिरिज अन्तर्गत नामिबियाविरुद्धको खेलमा नेपालका आसिफ शेख प्लेयर अफ द म्याच बनेका छन्। कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा शनिबार नामिबियामाथि ३ विकेटको जित निकाल्दा आसिफ प्लेयर अफ द म्याच बनेका हुन्। नामिबियाविरुद्ध आसिफले ८१ रनको अर्धशतकीय इनिङ खेलेका थिए। आसिफको एकदिवसीय अन्तराष्ट्रियमा छैटौं अर्धशतक हो। आसिफले ९८ बलमा ८ चौका र २ छक्काको सहयोगमा ८१ रन बनाए। आसिफले ६२ बलमा अर्धशतक पूरा गरेका थिए।

### ज्ञानेन्द्र र आसिफको कीर्तिमानी साझेदारी

नेपालको लागि पुर्व कप्तान ज्ञानेन्द्र मल्ल तथा ओपनर आसिफ शेखले नेपालको एकदिवसीय अन्तराष्ट्रियको नै सबैभन्दा ठूलो साझेदारी गरेका छन्। उनीहरूका बीचमा दोस्रो विकेटका लागि १ सय ३९ रनको कीर्तिमानी साझेदारी भएको हो। यस अघि गत मंगलबार नै नामिबियाविरुद्धको खेलमा कुशल भुर्तेल र रोहित कुमार पौडेलकाबीचमा तेस्रो विकेटका लागि १ सय ३३ रनको साझेदारी भएको थियो। ज्ञानेन्द्र मल्ल ६५ रनमा आउट भएसँगै सो साझेदारी तोडिएको थियो।

# मैत्रीपूर्ण महिला फुटबलमा नेपाल र भारत बराबरीमा

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीले दोस्रो मैत्रीपूर्ण खेलमा घरेलु टोली भारतसँग बराबरी खेलेको छ। चेन्नईस्थित जवाहरलाल नेहरू स्टेडियममा शनिबार भएको खेलमा नेपालले भारतसँग गोलरहित बराबरी खेलेको हो।

प्रतिस्पर्धात्मक खेलमा दुबै टोलीले पाएको अवसरलाई गोलमा परिणत गर्न सकेनन्। जसको कारण खेल गोलरहित बराबरीमा सकिएको हो। नेपाली गोलकिपरका साथै रक्षापंक्तिलाई भारतले तोड्न सकेन। निर्धारित ९० मिनेट र थप गरिएको ४ मिनेटमा कुनै गोल हुन नसकेपछि दोस्रो मैत्रीपूर्ण खेल पनि बराबरीमा टुंगिएको हो।

यस अघि पहिलो मैत्रीपूर्णमा नेपालले भारतसँग २-२ गोलको बराबरी खेलेको थियो। बुधबार भएको खेलमा दुई गोलको अग्रता उल्टाएर नेपालले घरेलु टोलीसँग रोमान्चक बराबरी खेलेको हो। नेपालका लागि दुबै गोल साबित्रा भण्डारीले गरेकी थिइन्।



काठमाडौंमा आयोजना भएको महिला साफ च्याम्पियनसिपपछि नेपाल र भारतले दुई खेलको मैत्रीपूर्ण खेल खेलेको हो।

गत भदौमा दशरथ रंगशालामा भएको महिला साफको सेमिफाइनलमा नेपालले भारतलाई १-० ले हराएको थियो। ओलम्पिक छनोटको तयारी स्वरूप भारतले नेपाललाई दुई मैत्रीपूर्ण खेलका लागि निमन्त्रणा दिएको हो।

### एलपिएल क्रिकेट

# लोटस आइलाई उपाधि



■ **प्रभाव संवाददाता**

**धनगढी–** कैलालीको धनगढीमा सम्पन्न सातौं संस्करणको विद्यालय स्तरीय अन्डर-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) को उपाधि अत्तरियाको लोटस आई इंग्लिस स्कुलले जितेको छ।

फाप्ला क्रिकेट मैदान धनगढीमा सम्पन्न फाइनल खेलमा लोटसले डिफेन्डिङ च्याम्पियन समेत रहेको अत्तरियाकै सत्यवती एकेडेमी लाई ७ विकेटले पराजित गऱ्यो। सत्यवती एकेडेमीले दिएको ९२ रनको लक्ष्य लोटस आईले ३ विकेट गुमाएर ११.३ ओभरमै पूरा गऱ्यो।

लोटस आईको ब्याटिङमा लक्की कडायतले सर्वाधिक ४१ रन बनाए जुन क्रममा अविजित रहँदै ३२ बलमा ७ चौका प्रहार गरे। आयुब चन्दले २८ तथा वीरेन्द्र नाथले १४ रन बनाए। सत्यवतीका बलर गौतम केसी र प्रतिक श्रेष्ठले १/१ विकेट लिए।

यस अघि टस जितेर ब्याटिङ गरेको सत्यवती एकेडेमीले १९.१ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनाएको थियो। सत्यवतीको लागि ओपनर इमरान शेखले सर्वाधिक २७, कप्तान सुजन गौतमले १७ तथा सोनु अन्सारीले ११ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। इमरान र सोनुले ३५ रनको ओपनिंग साझेदारी गरेता पनि त्यसपछि सत्यवतीका ब्याटरहरू लामो समय क्रिजमा जम्न सकेनन्।

लोटस आईको बलिङमा नरेन साउद र प्रेम शाहले ४/४ विकेट लिए। प्लेयर अफ द म्याच घोषित साउदले ४ ओभरमा मात्र ६ रन तथा शाहले ४ ओभरमा ८ रन खर्चिए। हिक्मत महरा र सुवास रावलले १/१ विकेट लिए।

उपाधि सहित लोटस आई स्कुलले २ लाख ५१ हजार १ सय ११ रूपैयाँ तथा विजेता ट्रफी प्राप्त गऱ्यो। उपविजेताले १ लाख २५ हजार ५ सय २५ रूपैयाँ प्राप्त गऱ्यो।

प्रतियोगिताको प्लेयर अफ द सिरिज लोटस आई स्कुलका आयुब चन्द चुनिए। उनले ५ खेलमा २ प्लेयर अफ द म्याच सहित १७९ रन र ५ विकेट लिएका थिए। आयुबले २० हजार नगद पुरस्कार सहित ट्रफी प्राप्त गरे। वेस्ट ब्याट्सम्यान लोटसकै योगेस भाट क्षेत्री र वेस्ट बलर पनि लोटसकै सन्तोष विजले चुनिए। उनीहरूले जनही १०/१० हजार प्राप्त गरे।

उदीयमान खेलाडी लिटल फ्लावरका सुबोध तिवारी चुनिदा उनले ५ हजार नगद पुरस्कार प्राप्त गरे। विजेता खेलाडीहरूलाई पूर्व मन्त्री तथा प्रतिनिधि सभा सदस्य वीर बहादुर बलायरले एक समारोहका बिच पुरस्कार वितरण गरे।



**फर्किए चिनियाँ उद्धार टोली**
भूकम्पप्रभावित टर्कीमा उद्धार कार्य पूरा गरी स्वदेश फर्कंदै चिनियाँ मुख्य भूमि र हङकङ विशेष प्रशासनिक क्षेत्रबाट पठाइएका उद्धार टोली । सो टोली शुक्रबार दिउँसो चार्टर्ड विमानमार्फत बेइजिङ फर्किएको आपत्कालीन व्यवस्थापन मन्त्रालयले जनाएको छ । *तस्बिरः सिन्ह्वा*

# ५०० युवा अफगान राष्ट्रिय सेनामा



**जलालाबाद-** अफगानिस्तानले ५०० युवालाई आफ्नो राष्ट्रिय सेनामा भर्ती गरेको छ । तीन महिनाको प्रशिक्षणमा उत्तीर्ण भएका उनीहरूलाई पूर्वीनान्ग्रहार प्रान्तको सैन्य कार्यालयमा नियुक्त गरिएको रक्षा मन्त्रालयले जनाएको छ । गत साता पश्चिमी हेरत प्रान्तमा पनि ५०० युवालाई सैनिक प्रशिक्षणपछि नियुक्ति दिइएको थियो ।

यसअघि राजधानी काबुल र पश्चिमी हेरात प्रान्तमा तीन महिनाको सैन्य तालिम पूरा गरेका ८०० जनालाई राष्ट्रिय सेनामा भर्ना गरिएको थियो । उनीहरूमध्ये ४८० जनाले हेरात प्रान्तको अल फारुक आर्मी कर्प्सबाट तीन महिनाको सैन्य तालिम पूरा गरेका थिए भने अन्य ३२२ जनाले काबुल सैनिक प्रशिक्षण प्रतिष्ठानबाट प्रशिक्षण लिएका थिए ।

रक्षा मन्त्रालयका अनुसार अफगानिस्तानले आफ्नो सिमानाको रक्षा गर्न एक लाख ५० हजार जवानको सुदृढ फौज तयार गर्ने योजना बनाएको छ । नयाँ भर्ना भएका सैनिकलाई देशका विभिन्न भागमा तैनाथ गरिनेछ । *रासस⁄सिन्ह्वा*

# शंकास्पद वस्तु पत्ता लगाउन बाइडेनको निर्देशन



**वासिङटन-** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई वायुमण्डलमा मानवरहित तरिकाले राखिन सक्ने शंकास्पद वस्तुहरू पत्ता लगाउने संयन्त्रको विकास गर्न निर्देशन दिएका छन् ।

ह्वाइट हाउसले ट्वीटरमा उल्लेख गरेअनुसार राष्ट्रपति बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई अमेरिकी आकाशमा मानवरहित वायुजन्य वस्तु पत्ता लगाउने संयन्त्र स्थापना गर्न निर्देशन दिएका छन् । राष्ट्रपति बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई मानवरहित सम्भावित वायुजन्य वस्तुको सूची तयार पार्न र यी वस्तु पत्ता लगाउने क्षमता सुधार गर्न थप उपाय अवलम्बन गर्नसमेत निर्देशन दिएका छन् ।

अमेरिकी आकाशमा हालै देखिएका शंकास्पद वस्तुबारे अमेरिकाको प्रतिक्रियाका विषयमा टिप्पणी गर्दै राष्ट्रपति बाइडेनले गुप्तचर निकायले विगतका दिनहरूमा खसालेका तीन वस्तुहरू चीनको निगरानी प्रणालीसँग सम्बन्धित रहेको वा नरहेकोबारे थप अनुसन्धान गर्नसमेत निर्देशन दिएका छन् ।

यसैबीच राष्ट्रपति बाइडेनले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग वार्ता गर्ने अपेक्षा गरेको पनि उल्लेख गरेका छन् । खुफिया निकायको पछिल्लो अनुसन्धानअनुसार ती वस्तु प्रायः निजी कम्पनीहरू वा मौसम अध्ययन गर्ने वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने संस्थाहरूसँग सम्बन्धित बलुनहरू थिए ।

गत फेब्रुअरी ४ मा चीनले मुख्यरूपमा मौसम विज्ञानको अनुसन्धानका लागि प्रयोग गरिएको नागरिक हवाई जहाज भएको दाबी गरेको विशाल बलुनलाई एक हप्तासम्म देशमा घुमाएपछि खसालेको अमेरिकाको दाबी छ ।

'म स्पष्ट हुन चाहन्छु पछिल्ला दिनमा हाम्रो आकाशमा देखिने शंकास्पद वस्तुको संख्यामा अचानक वृद्धि भएको कुनै प्रमाण त छैन तर हामी जडान गरेका निगरानी राडरले त्यस बारे थप जानकारी दिने छन्,' बाइडेनले भनेका छन् ।

राष्ट्रपति बाइडेनले केही समयअघि देखिएका ती तीन वस्तु चिनियाँ जासुस बलुन कार्यक्रमसँग सम्बन्धित हुन् वा अन्य कुनै देशको निगरानी सम्यन्त्रसँग सम्बन्धित हुन सक्छन् भन्नेबारे थप अनुसन्धान आवश्यक रहेको बताएका छन् । उनले अमेरिकाले आफ्नो आकाशमा देखेका हरेक मौसमी बलुनलाई गोली हान्ने त छैन तर ती जासुसीसँग सम्बन्धित छन् वा छैनन् त्यसबारे भने गम्भीर अध्ययन अनुसन्धान भने गर्ने बताएका छन् ।

उनले यदि कुनै वस्तुले अमेरिकी जनताको सुरक्षामा खतरा उत्पन्न गर्छ भने त्यसलाई नियन्त्रण गर्न अमेरिका सक्षम हुने पनि दाबी गरेका छन् । राष्ट्रपति बाइडेनले ती तीन वस्तु कुनै निजी कम्पनी, मनोरञ्जन वा अनुसन्धान संस्था, मौसम अध्ययन वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने बेलुन पनि हुनसक्ने धारणा राखेका छन् ।

'अमेरिकाले चीनसँग 'नयाँ शीतयुद्ध' चाहिरहेको छैन । हामी पनि चीनसँग घनिष्ट संलग्नता चाहान्छौं,' राष्ट्रपति बाइडेनले भने । अमेरिकी कूटनीतिज्ञहरू चिनियाँ समकक्षीहरूसँग निरन्तर सम्पर्कमा रहेर चीनका राष्ट्रपतिसँग संवाद जारी राख्ने राष्ट्रपति बाइडेनको धारणा छ । *रासस⁄एएनआई*

## अस्ट्रेलिया भारतको जी–२० अध्यक्षताको सबैभन्दा बलियो समर्थक



**सिड्नी-** अस्ट्रेलियाका उद्योग, ऊर्जा र उत्सर्जन न्यूनीकरण मन्त्री क्रिस बोवेनले भारतको जी-२० अध्यक्षको अस्ट्रेलिया सबैभन्दा बलियो समर्थक रहेको बताएका छन् । उनले आफ्नो देशले भारतलाई हरसम्भव तरिकामा समर्थन गर्ने पनि उल्लेख गरेका छन् ।

'अस्ट्रेलिया जत्तिको भारतको जी-२० को अध्यक्षताको बलियो समर्थक अरु कुनै छैन । हामी तपाईंलाई हरसम्भव तरिकाले समर्थन गर्नेछौं,' बोवेनले अस्ट्रेलियामा रायसिनाको वक्ताको हैसियतबाट सो धारणा राखेका हुन् ।

'भारतको लागि जी-२० को अध्यक्षता गर्न यो उत्कृष्ट वर्ष हो र मेरो विचारमा भारतले स्वच्छ ऊर्जा मन्त्रीस्तरीय पनि बैठकको पनि अध्यक्षता गरोस्,' मन्त्री बोवेनले भने । *रासस⁄एएनआई*

## ट्रकमा १८ आप्रवासी मृत फेला

**सोफिया-** बुल्गेरियाको राजधानी सोफियानजिकै शुक्रबार १८ जना आप्रवासीहरू एक परित्यक्त ट्रकमा मृत फेला परेको आन्तरिक मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

प्रारम्भिक जानकारीअनुसार ट्रकले अवैधरूपमा लगभग ४० जना आप्रवासीहरू बोकेको बताइएको छ । आप्रवासीहरू काठ बोकेको ट्रकमा लुकाएर यात्रा गराइएको पनि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार तिनीहरूमध्ये १८ जनाको मृत्यु भइसकेको र केही बाँचेकालाई अस्पतालमा भर्ना गरिएको छ । यस विषयमा अनुसन्धान जारी छ । *रासस⁄सिन्ह्वा*

## म्यान्माका करिब एक लाख ८० हजार विद्यार्थी परीक्षामा सहभागी हुँदै

**याङ्गुन-** म्यान्मामा विश्वविद्यालय प्रवेश परीक्षा आगमी मार्च ८ देखि १८ सम्म देशभर हुने भएको छ । विद्यालय शिक्षा प्रणालीअन्तर्गतको अन्तिम परीक्षामा एक लाख ७९ हजार ६४९ परीक्षार्थीले आवेदन भरेका म्यान्माको राज्य प्रशासन परिषद्ले जनाएको छ ।

शिक्षा मन्त्रालयलाई उद्धृत गर्दै परिषद्ले जनाएअनुसार उक्त परीक्षा आधारभूत शिक्षा प्रणालीअनुसार अन्तिमपटक हुन लागेको हो । कक्षा १० उत्तीर्ण भएकाहरूलाई उच्च शिक्षा हासिल गर्न सोझै विश्वविद्यालयमा प्रवेश दिइन्थ्यो । अब नयाँ प्रणालीअनुसार परीक्षा हुनेछ भने विश्वविद्यालय प्रवेश गर्न कक्षा १२ उत्तीर्ण हुनुपर्छ ।

गत शैक्षिक वर्षमा दुई लाख ८१ हजार ७५१ जना परीक्षार्थी उक्त परीक्षामा सहभागी भएकामा ४६.८८ प्रतिशत मात्र उत्तीर्ण भएका थिए । उक्त परीक्षामा उच्च अंक प्राप्त गरेका विद्यार्थीमात्र देशका प्रख्यात विश्वविद्यालयमा भर्ना हुन पाउँछन् । *रासस⁄सिन्ह्वा*

## कीर्गिस्तानको नारिन ओब्लास्टमा आपत्काल घोषणा

**बिश्केक-** कीर्गिस्तानले नारिन ओब्लास्टमा हिमपहिरोका कारण आपत्कालीन अवस्थाको घोषणा गरेको छ । आपत्कालीन अवस्था मन्त्रालयको प्रेस सेवाले शुक्रबार यसबारे उल्लेख गरेको छ ।

बिश्केक-नारायण-टोरुगार्ट राजमार्गमा हिमपहिरोका कारण सम्भावित खतराका कारण नारिन ओब्लास्टका गभर्नरले आपत्कालीन अवस्थाको घोषणा गरेका छन् ।

अहिले उद्धारकर्ता र विशेष उपकरणसहित सरसफाइको कामलाई तीव्रता दिइएको बताइएको छ । प्रारम्भिक जानकारीअनुसार हिमपहिरोका कारण कुनै पनि क्षति नभएको बताइएको छ । *रासस⁄सिन्ह्वा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर
फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALI SAYEGH CONTRACTING CO W.L.L.

पुर्व स्वीकृति मिति २०७९/११/04 | LT. No. 281191 | चलानी नं.६०१९६७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician/ac Assistant | 2 | 0 | 150 | ६४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 3 | Heavy Drivers/crane Operater | 5 | 0 | 200 | ८६,५५० | | | | | | | |
| 4 | Labour/helper/cleaner | 25 | 0 | 120 | ५१,९३० | | | | | | | |
| 5 | Light Vehichle Driver | 5 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 6 | Plumber | 5 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 7 | Security Guard/guarder | 5 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 8 | Shuttering Carpenter/carpenter | 10 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 9 | Tea Boy/office Boy | 5 | 0 | 130 | ५६,२६० | | | | | | | |
| 10 | Welders | 10 | 0 | 200 | ८६,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः फागुन १४ गते (26th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निःशुल्क⁄-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD. श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
सिनामंगल, काठमाडौं (Opposite to Hyundai Service Center)
फोन नं. ०१-४४९२९०५,४४९२९०६ ईमेलःinfo@aaravrecruitment.com, aarav.recruitment@gmail.com Website : aaravrecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEDIPLAS INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०५ | पुन विज्ञापन स्वीकृति मितिः २०७९/११/०५ | LT. No. 269183 | चलानी नं. ६०१८५८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 20 | 0 | 1500 | ४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः फागुन १४ गते (26th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निः शुल्क⁄-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५२६/०७४/०७५
Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMI SUPPLIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०५ | LT. No.269868 | चलानी नं.६०१८५७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing and cleaning Workers | 61 | 0 | 1500 | ४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः फागुन १४ गते (26th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११३०/०७३/०७४
Rasuwa Overseas Pvt. Ltd.
Airport, Kathmandu, Nepal, Phone No. +977-5906439
E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**तरकारी जोगाउने उपाय** | सुनसरीको इनरुवामा तोरीमा लागेको लाही किरा मार्न कीटनाशक औषधि छर्कँदै किसान ।

*तस्बिर: नवीन गड्तौला/रासस*

## थप ८ स्थानमा औद्योगिक ग्राम निर्माण गर्ने घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले देशका विभिन्न आठ स्थानलाई औद्योगिकग्राम घोषणा गरेको छ । सरकारले मण्डनदेउपुर-६, बेथानचोक-२, लिखु-४, रघुगङ्गा-२, तातोपानी-४, रिब्दीकोट-३, रुरुक्षेत्र-४ र अपिहिमाल-४ मा औद्योगिकग्राम निर्माण गर्ने घोषणा गरेको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्रकार सम्मेलन गरी सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले बिहीबार बसेको मन्त्रिपरिद्को वैठकबारे जानकारी दिँदै लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नुपर्ने विषय तथा शर्त नेपाल राजपत्रमा प्रकाशित गर्न स्वीकृति दिने निर्णयसमेत गरेको बताइन् ।

उनका अनुसार सरकारले संवैधानिक परिषद् (विकास, कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ फिर्ता लिने र बर्डफ्लु रोग नियन्त्रणका क्रममा आर्थिक वर्ष २०७८/७९ मा प्रचलित कानुनबमोजिम नष्ट गरिएका वस्तुको लागि राहत प्रदान गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले संवत् २०८० सालमा दिइने सार्वजनिक बिदा निर्धारण गर्ने निर्णय गरेको छ । यही फागुन १५ देखि १८ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५२औँ सत्रमा पत्रराष्ट्रमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने निर्णय गरिएको प्रवक्ता शर्माले जानकारी दिइन् ।

मन्त्रिपरिषद्ले तत्कालीन जिल्ला पञ्चायत सचिवालय जिल्ला पशु सेवा शाखा कार्यालय गोरखाका नाममा रहेको जिल्ला गोरखा साविक सिर्दिवास गाविस वडा नं ८ को ४-६-२-२ रोपनी जग्गा चुमनुब्री गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने पनि निर्णय गरेको छ ।

**१६ औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला**

## ‘स्वदेशी वस्तुको बजारीकरण अहिलेको प्रमुख आवश्यकता’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल १६ औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला सम्पन्न भएको छ । समापन समारोहलाई सम्बोधन गर्दै उपप्रधान तथा अर्थमन्त्री विष्णु पोडेलले स्वदेशमा उत्पादन भएका वस्तुको बजारीकरण अहिलेको महत्वपूर्ण आवश्यकता रहेको बताए । मेलाले देशभरकै उद्यमीहरूलाई आफ्ना उत्पादनको प्रचार प्रसारमा सहयोग पुऱ्याउने भन्दै उनले भने, ‘देशमै रोजगारी सिर्जना र कृषिजन्य उत्पादनको आधुनिकीकरणमा मेला उपयोगी हुनेछ ।’ घरेलु उद्यमी तथा उनीहरूका उत्पादनलाई बजारीकरण गर्ने कार्यमा नेपाल सरकार अर्थ मन्त्रालय सहयोग गर्न सधैं तयार रहेको अर्थमन्त्री पौडेलको भनाई थियो ।

महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले मेला आयोजना गर्न विभिन्न कठिनाई रहँदाँरहँदै पनि उपप्रधान तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेल तथा उद्यमीहरूको सहयोग गर्ने आश्वासनले मेलाको आयोजना गरिएको बताए । मेलाले देशभरकै उत्पादन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उनले बताए । सरकार स्वदेशी उत्पादन तथा बजारीकरणमा सहयोग पुऱ्याउन गम्भिर भएर लाग्नुपर्ने उनको भनाई थियो ।

धेरै समस्या हुँदा हुँदै पनि मेला सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिँदै मेला संयोजक शोभा गुरुङले भनिन्, ‘देशको औद्योगिक क्रान्तिमा घरेलु उद्यमीहरूले गरेको योगदानको उचित कदर हुन सकेको छैन ।’ मेलामा कति खरीदबिक्री भयो, कति मान्छे आए भन्नुभन्दा पनि स्वदेशी वस्तुको बजारीकरण कति हुन सक्यो त्यो महत्वपूर्ण रहेको मेला संयोजक गुरुङले बताए । सरकारले आगाम दिनमा सहयोग गर्ने प्रतिवद्धता गरेकोले र सबै उद्यमी व्यवसायीहरूको सहयोगमा आगामी दिनमा पनि मेलाको आयोजना गरिने उनको भनाई थियो । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यस पटक फागुन २ देखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा आयोजना भएको थियो । मेलामा साढे दुई लाख अवलोकनकर्ताका साथै पाँच करोड रुपियाँको कारोबार भएको जनाइएको छ ।




महोत्सवमा प्राकृतिक रेशाजन्य उत्पादन, कर्णालीका खाना परिकार तथा स्थानीय मौलिक उत्पादनहरूमा अवलोकनकर्ता तथा उपभोक्ताहरूको आकर्षण देखिएको थियो ।

प्रदर्शनीमा अल्लो, सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भूँइकटहरलगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, कर्णालीका मौलिक परिकार (कर्नालीको अन्नी) सेटमा जौको लड्डू, फापरको मः मः, मार्सीको खिर, चिनोको सेल उपभोक्ताहरूले निकै मन पराएको पाइयो । यसैगरी राउटे समुदायले बनाएका काठका सामग्रीहरू, तेह्रथुमको ढाका, संखुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका श्रंगारको सामग्री तथा महबाट बनेका सौन्दर्य प्रसाधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छोप, हस्तकलाका उत्पादनलगायतका सामग्रीमा पनि उपभोक्ताको आकर्षण देखिएको थियो ।

कोरोना महामारीको कारण विगत तीन वर्षदेखि स्थगित भएको औद्योगिक प्रदर्शनी यसपटक ‘नेपाल १६औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव र छैठौं प्राङगारिक कृषि मेला-२०७९’ नामबाट आयोजना भइरहेको थियो । मुलुकभरका झण्डै छ लाख भन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरू र कृषि व्यवसायमा संलग्न उद्यमीहरू लाई प्रतिविम्वित गर्ने प्रदर्शनीको मुख्य नारा ‘नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं’ र ‘मिहनेत, श्रृजना, उत्पादन र वस्तु मैरै नेपालको’ भन्ने रहेको थियो ।

प्रदर्शनीकै अवसरमा बिहीबार महिला उद्यमीहरूका समस्या, चुनौति र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको थियो । साथै शुक्रबार पनि उद्यमको लागि नवीकरणीय उर्जा र स्वदेशी वस्तुको प्रवर्द्धन तथा अर्गानिक सर्टिफिकेसन विषयक छुट्टाछुट्टै अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

समापन समारोहमा मेलामा सहभागी उद्यमीहरूमध्येबाट उत्कृष्ट उद्यमीहरूलाई नगद पुरस्कारसहित पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेहरूमा हिमालयन अर्गानिक गार्डेन माडी, चितवन प्रथम, फरेष्ट हेम्प इण्डस्ट्रिज प्रा.लि.बुढानिलकण्ठ काठमाडौं द्वितीय, तामाङ्ग झोला तथा राडीपाखी उद्योग जुम्ला तृतीय तथा सान्त्वनातर्फ हिमालय अल्लो तथा सूती कपडा उद्योग संखुवासभा, मार्फा फलफूल तथा तरकारी प्रशोधन उद्योग मुस्ताङ्ग, सेमी घरेलु ढाका उद्यौग धनकुटा, कल्पना बेम्बो हाण्डिक्र्याफ्ट ललितपुर रहेका छन् ।

समापन समारोहमा महासंघका निवर्तमान अध्यक्ष श्याम गिरी, सल्लाहकार वासु गिरी, वरिष्ठ उपाध्यक्ष सूर्य कँडेल, महासचिव डम्बर प्रसाद रेग्मी, काठमाडौं जिल्ला अध्यक्ष पद्यमकुमारी कार्की, केन्द्रीय महिला उद्यमी समिति अध्यक्ष रोशनी उपाध्याय, अर्गानिक एसोसिएसनका अध्यक्ष दिपक प्रकाश बाँस्कोटालगायतले बोलेका थिए ।

## ‘स्थानीय तहको आयोजनालाई ससर्त अनुदान नदिनू’

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहको एकल अधिकारका आयोजनालाई ससर्त अनुदान नदिन सरकारलाई सिफारिस गरेको छ । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले बनाउन लागेको बजेटका सन्दर्भमा आयोगले यस्तो सिफारिस गरेको हो ।

आयोगले तयार पारेको ‘आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरेको सिफारिस’ प्रतिवेदनअनुसार टुक्रे र एकल अधिकारका आयोजनालाई ससर्त अनुदान उपलब्ध गराउन नहुने सिफारिस गरिएको छ । ससर्त अनुदानलाई मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आबद्ध गरी निश्चित नीति, सूचक र मापदण्डमा आधारित रहेर पारदर्शी रूपमा वितरण गर्न आयोगको सुझाव छ ।

‘सरकारले प्रदेश तथा स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, प्राथमिकता, दीर्घकालीन लाभ र फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाको कार्यान्वयनमा जोड दिइनुपर्छ । तर प्रदेश तथा स्थानीय तहको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध गराउन हुँदैन’, सिफारिसमा भनिएको छ ।

सङ्घबाट जाने ससर्त अनुदानको रमक बिस्तारै घटाउँदै लगेर त्यसलाई समानीकरण अनुदानबाट प्रतिस्थापन गर्दै लैजान पनि आयोगको सिफारिस छ । ‘प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कूल अनुदानमा ससर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने तथा त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानबाट गर्दै जानुपर्छ’, सुझाव प्रतिवेदनमा भनिएको छ ।

ससर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी एकमुष्ट अनुदान हस्तान्तरण गर्न पनि सरकारलाई आयोगले सुझाव दिएको छ । यसो गर्दा आयोजनाप्रति सम्बन्धित तहको स्वामित्व कायम गर्न सकिने आयोगले जनाएको छ ।

प्रदेश तथा स्थानीय तहका बहुवर्षीय र क्रमागत आयोजनालाई सम्पन्न गर्न वित्तीय समानीकरण अनुदान एकमुष्ट दिइनुपर्ने आयोगको सिफारिस छ । ‘प्रदेश वा स्थानीय तहको अधिकारका विषयसम्बन्धी साबिकमा सङ्घबाट बहुवर्षीय ठेक्का स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत अधुरा कार्यक्रमलाई पूर्णता दिन आर्थिक वर्ष २०८०/८१ देखि त्यस्ता आयोजनाका लागि वित्तीय समानीकरण अनुदान एममुष्ट अनुदानका रूपमा बजेट हस्तान्तरण गर्नुपर्छ’, आयोगले भनेको छ ।

यद्यपि, प्रदेश वा स्थानीय तहले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालू प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मतसम्भार र सञ्चालनसँग सम्बन्धित खर्चका लागि भने आन्तरिक स्रोतबाटै व्यवस्थापन गर्नुपर्ने आयोगले जनाएको छ । उपभोक्ता समितिको सहभागिता तथा लागत साझेदारीमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा ससर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय तहको आन्तरिक स्रोत विनियोजनलाई प्रश्रय दिइनुपर्ने आयोगको सिफारिस छ ।

आयोजना तथा कार्यक्रममा दोहोरोपन हुन नदिन ससर्त अनुदानको वितरण एकीकृत रूपमा हुनुपर्ने आयोगको सिफारिस छ । ‘समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयबाट तर्जुमा गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि ससर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रूपमा ससर्त अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनुपर्छ’, सिफारिसमा उल्लेख छ ।

## ब्रोकर व्यवसायीले शाखा खोल्नेसम्बन्धी निर्देशिका

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धितोपत्र बोर्डले ‘धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्नेसम्बन्धी निर्देशिका, २०७९’ जारी गरेको छ । धितोपत्र दलाल व्यवसायी (ब्रोकर) कम्पनीको शाखा खोल्ने प्रक्रियालाई छिटो, छरितो र सहज बनाउन निर्देशिका जारी गरेको बोर्डले जनाएको छ ।

बिहीबारदेखि कार्यान्वयनमा आएको उक्त निर्देशिकाले ब्रोकर व्यवसायमा हुने वित्तीय जोखिमको न्यूनीकरण गर्ने बोर्डले अपेक्षा गरेको छ । अब ब्रोकर कम्पनीले शाखा विस्तार गर्दा प्रतिशाखा रू एक करोड ५० लाखका दरले चुक्ता पुँजी कायम गर्नुपर्ने छ भने मुख्य कार्यालय रहेको जिल्लामा शाखा कार्यालय खोल्ने स्वीकृती नदिने निर्देशिकामा उल्लेख छ ।

त्यस्तै, काठमाडौं उपत्यका बाहिर कम्तीमा तीन शाखा खोलेपछि मात्र उपत्यकामा खोल्न पाइने व्यवस्था गरिएको छ । ब्रोकर कम्पनीले एक पटकमा एउटा मात्र शाखा खोल्नका लागि बोर्डमा निवेदन दिनुपर्नेछ । शाखा कार्यालय खोल्न अनुमति पाएको तीन महिनाभित्र कार्यालय सञ्चालनमा ल्याइसक्नुपर्नेछ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाएका ब्रोकर कम्पनीले भने त्यस्तो सजाय पाएको एक वर्षसम्म शाखा बिस्तार गर्न पाउने छैनन । त्यस्तै, शाखा खोल्न स्वीकृति पाए पनि कार्यालय नखोली स्वीकृति रद्द भएमा रद्द भएको मितिले एक वर्षसम्म अर्को शाखा खोल्न नपाउने व्यवस्था गरिएको छ ।

धितोपत्रको प्राथमिक बजार देशका सबै जिल्लामा पुगिसकेकाले दोस्रो बजारको पहुँचलाई विस्तार गर्न आवश्यक देखिएकाले उक्त निर्देशिका लागू गरिएको बोर्डले जनाएको छ । हाल धितोपत्र बोर्डबाट ५० कम्पनीले ब्रोकरका रूपमा लाइसेन्स लिएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ